## ब्रह्मपुरी गाउँपालिकाको

# स्थानीय पाठ्यक्रम

# कक्षा १ देखि ३

प्रदेश नं २, सर्लाही
२०७७



## कृतज्ञता

आधारभूत तहमा अध्ययनरत बालबालिकाहरुले स्थानीय विषयवस्तु तथा परिवेशको बारेमा अध्ययन गर्ने अवसर प्रदान गर्नका लागि नेपाल सरकारले तोकिए अनुसार कक्षा १ देखि ३ सम्मको १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्ने जमर्को गरिएको छ। स्थानी सरोकारवालहरु विभिन्न विद्यालयको प्रधानध्यपकहरु, शिक्षक, विद्यार्थी, गाउँपालिकाको जनप्रतिनिधिहरु, गाउँपालिका शिक्षा शाखा प्रमुख लगायतको सहभागीतामा स्थानीय पाठ्यक्रम निर्माण कार्याशाला गोष्ठी सहजीकरण तथा मस्यौदा निर्माण कार्य पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरका पाठ्यक्रम अधिकृत श्री पुरुषत्तम घिमिरे ज्यूबाट भएको हो । उक्त पाठ्यक्रलाई अझ उद्देश्य मूलक र व्यवहारिक बनाउनका लागि मस्यौदा निर्माणका क्रममा विभिन्न संघ संस्थाहरुका प्रतिनिधि तथा गाउँपालिका स्तरको सरोकारवालाहरुको बैठकबाट प्राप्त पृष्ठपोषणलाई समेत समायोजन गरी पस्यौदालाई अन्तिम रुप दिन सफल भएका छौं।

यस पाठ्यक्रम निर्माणका क्रममा प्रत्यक्षरुपमा विषय विशेषज्ञको रुपमा सहयोग गर्नुहुने पाठ्यक्रम विकास केन्द्रका पाठ्यक्रम अधिकृत श्री पुरुषत्तम घिमिरे ज्यू, मस्यौदा निर्माण समितिका सदस्याज्यूहरु, पाठ्कक्रम निर्माण कार्यशाला सञ्चालन तथा लेखन कार्यमा आर्थिका तथा प्राविधिक सहयोग गर्न हुने वर्ल्ड भिजन ईन्टरनेशनल, ह्याण्डिक्याप ईन्टरनेशनल, विश्व शिक्षा र राष्ट्रिय रोजगार प्रवर्द्धन केन्द्र, सर्लाही प्रति विशेष धन्यवाद ज्ञापन गदर्छौं।

साथै आगामी दिनहरुमा पनि रचनात्मक र सकारात्मक सुझाव सल्लाको अपेक्ष समेत गर्दछौं।

........................

विनोद कुमार साह

अध्यक्ष

ब्रहम्पुरी गाउँपालिका, सर्लाही

# १. परिचय

स्थानीय स्तरका आवश्यकता, चाहना र विषयवस्तुलाई समावेश गरी सम्बद्ध सरोकारवालाहरूको सक्रिय सहभागितामा पाठ्यक्रम विकास र कार्यान्वयन गर्नु नै स्थानीय पाठ्यक्रमको प्रमुख लक्ष्य हो । विविधताले भरिपूर्ण नेपाल सभ्यता र सम्पदाको पनि खानी हो । यसर्थ स्थानीय भौगोलिक अवस्थिति, प्राकृतिक स्रोत र साधन, सम्पदा, संस्कार र संस्कृति, व्यावसायिक खेती, पेसा र भाषालगायतका सम्बन्धित पक्षसँग परिचित गराउने उद्देश्यका साथ कक्षा १ देखि ३ सम्मका विद्यार्थी स्तर, रुचि, आवश्यकता तथा सान्दर्भिकतालाई समेत ख्याल गरी स्थानीय विषयको पाठ्यक्रम विकास गरिएको हो । स्थानीय पाठ्यक्रम प्रारूप, २०७१; गतविगतका स्थानीय पाठ्यक्रमसम्बन्धी अभ्यास तथा नीतिगत व्यवस्था, राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ एवम् स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६ बमोजिम विद्यालय शिक्षाको आधारभूत तह (कक्षा १ देखि ३) मा स्थानीय विषयको यस पाठ्यक्रममा स्थानीय तह र निकाय, विविध गतिविधि, भूगोल, वातावरण, आवश्यकता र सम्भावना, उत्पादन, उत्पादित सामग्रीको व्यवस्थापन, प्रचारप्रसार र बजारसम्बद्ध विषयवस्तुहरूलाई समावेश गरिएको छ। यस पाठ्यक्रमको अध्ययनपश्चात् स्थानीय तहको चिनारी र तिनीहरूसम्बद्ध विषयवस्तु पहिचान, स्थानीय तहका विविध संरक्षण, संवर्धन तथा विस्तार को जानकारी र यसमा वैयक्तिक तथा सामूहिक सहयोगमा अग्रसरता देखाउने अपेक्षा राखिएको छ । सम्बन्धित गाउँपालिका र गाउँपालिकाका विद्यार्थीलाई आफू र वरपरका विविध पक्षका बारेमा जानकार बनाउँदै स्थानीय प्राकृतिक, सांस्कृतिक, सामाजिक, आर्थिक, जैविक तथा व्यावहारिक ज्ञान, सिप, स्रोत र सम्पदाको संरक्षण गर्न एवम् त्यस्तो स्रोत र सिप भावी पुस्तालाई हस्तान्तरण गर्नका लागि गाउँपालिका स्तरमा स्थानीय पाठ्यक्रम बनाएर हरेक विद्यालयमा कार्यान्वयन गर्न' सान्दर्भिक हुने देखिन्छ। यसका साथै यस पाठ्यक्रमले सम्बन्धित विषयमा उच्च शिक्षाको आधारसमेत तयार गर्ने अपेक्षा छ।

स्थानीय तहका लागि उपयोगी परम्परा, संस्कृति, रीतिरिवाज, स्थानीय सम्पदा, चाडपर्व, सामाजिक व्यवहार, पेसा, व्यवसाय, वातावरण संरक्षण, आर्थिक गतिविधि, स्थानीय प्रविधिलगायतका विषयवस्तु स्थानीय पाठ्यक्रमका मूल स्रोत हुन् । स्थानीय पाठ्यक्रम निर्माण गर्दा उल्लिखित पक्षलाई विशेष रूपमा मनन गर्नु सान्दर्भिक हुन्छ। यसका साथै औपचारिक शिक्षामा आफू र आफ्नो परिवेशलाई मनन गर्दै सिकाइका लागि उपयोग गर्ने तथा विश्वव्यापीकरणको युगमा आफूलाई आफ्नै परिवेशभित्रको अब्बल ज्ञानसहित प्रतिस्पर्धात्मक बजारमा जोड्ने क्षमताको विकासका लागि विकेन्द्रित पाठ्यक्रमका रूपमा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन हुनु महत्त्वपूर्ण उपलब्धि हो । यसका लागि ब्रहम्पुरी गाउँपालिकाका लागि विकसित स्थानीय विषयको यस पाठ्यक्रममा गाउँपालिकाको परि चय, प्राकृतिक स्रोत र साधन, स्थानीय सम्पदा, संस्कार र संस्कृति, व्यावसायिक खेती, स्थानीय पेसा र स्थानीय भाषासम्बद्ध विषयक्षेत्रमा आधारित भई विशिष्टीकृत विषयवस्तुका सैद्धान्तिक तथा प्रयोगात्मक पक्षको सिकाइ गर्न विद्यार्थीकेन्द्रित सिकाइ सहजीकरण विधि तथा प्रक्रियामा जोड दिइएको छ। यसबाट विषयवस्तुमा आधारित भई प्रयोगात्मक अभ्यास, स्थलगत अध्ययन भ्रमण, खोजमूलक निरन्तर सिकाइ, सिकाइ र मूल्याङ्कन पद्धतिलाई प्रयोगात्मक र खोजमूलक बनाउन सहज हुने अपेक्षा गरिएको छ। यस पाठ्यक्रमले ज्ञान पक्षभन्दा पनि सिप तथा अभिवृत्तिमा जोड दिई विषयको अध्ययनलाई व्यावहारिक र प्रयोगात्मक बनाउने प्रयास गरेको छ। यस क्रममा पाठ्यक्रमलाई समयसापेक्ष, व्यावहारिक र सक्षमतामा आधारित बनाउने प्रयास गरिएको छ। साथै यस पाठ्यक्रमलाई अनिवार्य विषयको समकक्षी विषयका रूपमा सान्दर्भिक पाठ्यवस्तुको छनोट एवम् स्तरीकरण पनि गरिएको छ। विद्यार्थीको संज्ञानात्मक क्षमता, स्तर र समसामयिक सन्दर्भ जस्ता पक्षमा जोड दिँदै विषयवस्तुका आधारमा पाठ्यसामग्रीगत विविधता र एकीकरण गर्न सरलता तथा बोध र अभिव्यक्ति क्षमताका आधारमा सिकाइ दक्षता विकासलाई विशेष जोड दिनुका साथै स्थानीय विज्ञहरू तथा सरोकारवाला समुदायका प्रतिनिधिहरूको सुझावलाई

समावेश गरिएको छ। यसर्थ स्थानीय विषयको पाठ्यक्रम विकास गर्दा उल्लिखित विषयवस्तुको अवधारणा विकास, अभ्यास र निरन्तर सिकाइ तथा मूल्याङ्कनबिचको सन्तुलन कायम गरिएको छ।

यस क्रममा पाठ्यक्रम विकासको विषयगत औचित्य, पाठ्यक्रममा रहेका मुख्य विशेषता तथा पाठ्यक्रमको स्वरूपलाई समेटी परिचय, विषयगत रूपमा अपेक्षित ज्ञान, सिप, अभिवृत्ति, मूल्य र कार्य तत्परतालाई समेटी त्यसको क्रियात्मक स्वरूपमा सक्षमता, सिकाइको स्तर र सक्षमताको विशिष्टीकृत विस्तृतीकरण गरी सिकाइ उपलब्धि, सक्षमता, सिकाइ उपलब्धि एवम् अघिल्ला कक्षासँग लम्बीय सन्तुलनका आधारमा विषयवस्तुको क्षेत्र र क्रम, विषयगत विशिष्टपन र मौलिकतालाई समेटी सिकाइ सहजीकरणका विधि तथा प्रक्रिया एवम् निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनका विधि तथा प्रक्रिया उल्लेख गरी विद्यार्थी मूल्याङ्कनलाई व्यवस्थित गरिएको छ।

## २. तहगत सक्षमता

**आधारभूत तह (कक्षा १–३) मा स्थानीय पाठ्यक्रममा आधारित पाठ्यवस्तुको अध्ययन पूरा गरेपछि बालबालिकामा देहायका सक्षमता विकास हुने अपेक्षा गरिएको छ :**

१. ब्रहम्पुरी गाउँपालिकाको भौगोलिक अवस्थिति, सामाजिक एवम् सांस्कृतिक पक्षको बोध र सिकाइका क्रममा उपयोग
२. ब्रहम्पुरी गाउँपालिकाको स्थानीय प्राकृतिक स्रोत, साधन र सांस्कृतिक सम्पदाहरूका बारेमा मुख्य मुख्य जानकारी सङ्कलन र प्रचारप्रसार
३. ब्रहम्पुरी गाउँपालिकामा प्रचलित संस्कार तथा लोक संस्कृति एवम् अभ्यासका बारेमा जानकारी र त्यसको पालना तथा अनुकरण
४. ब्रहम्पुरी गाउँपालिकामा गरिने कृषि, पशुपालनलगायतका व्यावसायिक पक्षसम्बद्ध कामको जानकारी र यसमा सहयोग
५. ब्रहम्पुरी गाउँपालिकामा गरिने पेसागत सिपको अभ्यास र पारिवारिक आयआर्जनमा सहयोग
६. ब्रहम्पुरी गाउँपालिकामा प्रचलित स्थानीय तहमा प्रचलित मातृभाषाको सिकाइ र अभिव्यक्ति तथा सिकाइमा उपयोग

## ३. कक्षागत सिकाइ उपलब्धि

### कक्षा १

१. व्यक्तिगत र पारिवारिक परिचय लिन र दिन
२. छरछिमेक र विद्यालयका साथीभाइसँग मिलेर बस्न र काम गर्न
३. घर तथा छरछिमेकमा पाइने सामग्री र मनाइने पर्व बताउन
४. आफ्नो गाउँ, सहर वा टोलको नाम, दिशा र घरसङ्ख्या भन्न

५. स्थानीय सांस्कृतिक स्थल, देवीदेवता, मठ, मन्दिर र मस्जिदका नाम भन्न
६. स्थानीय तहमा प्रचलित लोककथा, रोचक प्रसङ्ग वा घटना सुन्न र भन्न
७. अभिभावकसँग वरपरका स्थल घुम्न र त्यसका आधारमा अनुभव बताउन
८. घरपालुवा जनावर र स्थानीय खेती नाम बताउन
९. पशुपालन र खेतीको कामको अवलोकन र अभिभावकले अह्राएका काममा सहयोग गर्न
१०. लोक बाजा पहिचान गरी ती प्रयोग भएका लोक लय गाउन र नृत्यको अभ्यास गर्न
११. सिकाइ र अभिव्यक्तिका क्रममा स्थानीय भाषाको सिकाइ र उपयोग गर्न
१२. दैनिक प्रचलनमा आउने सूचना प्रविधिका साधनको व्यावहारिक महत्त्व र प्रयोगको सामान्य सिप प्रदर्शन गर्न
१३. स्थानीय तहका काम र गतिविधिमा सहभागी भई जानकारी लिन र दिन

## कक्षा २

१. आफू, परिवार, गाउँ, सहर वा टोल एवम् विद्यालयको कर्तव्य र जिम्मेवारी बताउन
२. आफू, परिवार र टोलछिमेकको जनसङ्ख्याका बारेमा जानकारी हासिल गरी तिनीहरूको सूची निर्माण गर्न
३. टोलछिमेक तथा समुदायमा पाइने सामग्री र मनाइने पर्व बताउन
४. आफ्नो वडा र निर्वाचित प्रतिनिधिका नाम बताई नक्सामा गाउँ पहिचान गर्न
५. स्थानीय सांस्कृतिक स्थलका बारेमा जानकारी हासिल गरी त्यहाँ हुने क्रियाकलापमा सहभागिता जनाउन
६. स्थानीय रूपमा प्रचलित सांस्कृतिक एवम् व्यवहारोपयोगी कथा वा घटना सुन्न र भन्न
७. उद्देश्यसहित वरपरका स्थल घुमी त्यसका आधारमा घटनाहरूको पुनर्कथन गर्न
८. घरपालुवा जनावर र स्थानीय खेतीका आधारभूत पक्षको सूची निर्माण गर्न
९. पशुपालन र खेतीको कामको अवलोकन गरी आवश्यकतानुसार सहयोग गर्न
१०. लोक बाजा पहिचान गरी ती प्रयोग भएका लोक लय गाउन र नृत्यको अभ्यास गर्न
११. द्वैभाषिक तथा बहुभाषिक सिकाइ तथा अभिव्यक्तिका लागि स्थानीय भाषाको प्रयोग गर्न
१२. दैनिक प्रचलनमा आउने सूचना प्रविधिका साधनको व्यावहारिक महत्त्व र प्रयोगको सामान्य सिप प्रदर्शन गर्न
१३. स्थानीय तहका काम र गतिविधिमा सहभागी भई जानकारी टिपोट र कक्षामा प्रस्तुति

## कक्षा ३

१. स्थानीय स्तरमा उपलब्ध सेवा र समस्याहरू बताउन
२. आफू, परिवार र टोलछिमेकको उमेरगत अवस्थाको तालिका बनाउन
३. स्थानीय भौगोलिक अवस्था दर्साउने नक्सामा सार्वजनिक स्थल पहिचान गर्न
४. वरपरका वडाका वडा र निर्वाचित प्रतिनिधिका नाम बताई नक्सामा आफ्नो गाउँ, सहर वा टोल पहिचान गर्न
५. स्थानीय चाडपर्व, उत्पादन र प्रसिद्ध व्यक्तिहरूका बारेमा छोटकरीमा जानकारी लिन र दिन
६. स्थानीय सांस्कृतिक स्थलको सरसफाइ सहभागी भई त्यहाँ फूलबारी निर्माण सहयोग गर्न
७. स्थानीय रूपमा प्रचलित नैतिक कथा, अभ्यास वा घटना सुन्न र भन्न
८. विभिन्न स्थल घुम्दा बनाइने उद्देश्य, सावधानी र सुरक्षाका उपायहरूको सूची निर्माण गर्न र विविध घटनाप्रतिको प्रतिक्रिया लिन एवम् दिन
९. घरपालुवा जनावर र स्थानीय खेतीका आधारभूत पक्षको सूची निर्माण गर्न
१०. कृषि तथा पशुपालनका बारेमा स्वधारणा निर्माण गरी त्यसका बारेमा बताउन
११. स्थानीय रूपमा प्रचलनमा रहेका विभिन्न बाजा पहिचान गरी ती प्रयोग भएका लोक लय गाउन र नृत्यको अभ्यास गर्न
११. द्वैभाषिक तथा बहुभाषिक सिकाइ तथा अभिव्यक्तिका लागि स्थानीय भाषाको प्रयोग गर्न
१२. दैनिक प्रचलनमा आउने सूचना प्रविधिका साधनको व्यावहारिक महत्त्व र प्रयोगको सामान्य सिप प्रदर्शन गर्न
१३. स्थानीय तहका काम र गतिविधिमा सहभागी भई काममा सहयोग र समीक्षा गर्न

# ४. विषयवस्तुको क्षेत्र र क्रम तथा यसको विस्तृतीकरण

## (क) विषयक्षेत्र

| | | | |
|---|---|---|---|
| १. | गाउँपालिकाको परिचय | १५ | (२४ पाठ्यघण्टा) |
| २. | प्राकृतिक स्रोत र साधन | १० | (१६ पाठ्यघण्टा) |
| ३. | स्थानीय सम्पदा, संस्कार र संस्कृति | २५ | (४० पाठ्यघण्टा) |
| ४. | व्यावसायिक खेती | ५ | (८ पाठ्यघण्टा) |
| ५. | स्थानीय पेसा | १५ | (२४ पाठ्यघण्टा) |
| ६. | स्थानीय भाषा | ३० | (४८ पाठ्यघण्टा) |
| जम्मा | | १०० | (१६० पाठ्यघण्टा) |

## (ख) क्षेत्र र क्रमको विस्तृतीकरण

कक्षा १

| सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | शिक्षण विधि | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| **१. गाउँपालिकाको परिचय** | | | | | | | |
| १. कुराकानी तथा प्रश्नका आधारमा आफू र आफ्नो गाउँ वा वासस्थानको नाम बताउन<br>२. परिवारका सदस्य तथा प्रमुखका नाम सोध्न र भन्न<br>३. परिवारका सदस्यले गर्ने कामका आधारमा भूमिका अभिनय गर्न<br>४. आफ्नो गाउँपालिकाको नाम बताउन<br>५. आफ्नो गाउँपालिकाको वडासङ्ख्या र आफू बस्ने वडा बताउन | (क) आफू आफ्नो परिवार र आफ्नो वास स्थान<br>(ख) नगर पालिकाको सामान्य परिचय | (क) आफू, परिवार र आफ्नो टोल वा सहर वा वासस्थानको नाम<br>(ख) परिवारका सदस्य तथा प्रमुखका नाम र काम<br>(ग) गाउँपालिकाको नाम<br>(घ) गाउँपालिकाको वडासङ्ख्या र आफू बस्ने वडा | १. शिक्षकले आफ्नो परिचय (नाम, परिवार र वासस्थान) बताउने र यस क्रममा पारिवारिक पृष्ठभूमि झल्किने चित्रप्रदर्शन गर्दै आफूले गरी परिचय दिन विद्यार्थीलाई उत्प्रेरित गर्ने<br>२. विद्यार्थीलाई आफ्नो परिचय दिँदा कठिनाइ आइपरेमा तलका जस्तै प्रश्न सोध्ने :<br>(क) तपाईँको नाम के हो ?<br>(ख) तपाईँको घरमा को को हुनुहुन्छ ?<br>(ग) तपाईँको घरमा कति जना हुनुभयो ?<br>(घ) तपाईँ कुन टोल/सहरमा बस्नुहुन्छ ? | (क) पारिवारिक पृष्ठभूमि झल्किने चित्र<br>(ख) व्यक्तिगत तथा पारिवारिक पेसा जनाउने चित्र<br>(ग) वडा सङ्ख्या -सहितको ब्रह्मपुरी गाउँपालिकाको नक्सा वा चित्र<br>(घ) श्रव्यदृश्य सामग्री | (क) छलफल<br>(ख) प्रदर्शन<br>(ग) भूमिका अभिनय<br>(घ) अवलोकन<br>(ङ) प्रश्नोत्तर | १. विद्यार्थीले आफ्नो परिचय दिँदा नाम, परिवार र वासस्थानलाई सामावेश गरे नगरेका आधारमा मापन गर्ने<br>२. विद्यार्थीले आत्मविश्वास तथा स्पष्टताका साथ प्रस्तुति गरे नगरेको अवलोक गरी सिकाइ उपलब्धिको लेखाजोखा गर्ने<br>३. छलफल, कुराकानी तथा भूमिका अभिनयमा देखाएको सक्रियता, कार्य सम्पादन, सहकार्यात्मक व्यवहारका आधारमा मूल्याङ्कन गर्ने<br>४. प्रश्नोत्तर तथा अन्य सन्दर्भमा गाउँपालिकाको नाम, वडासङ्ख्या तथा आफू बस्ने वडा भने नभनेको यकिन गरी सिकाइ उपलब्धिको मापन गर्ने | २४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ३. परिवारका सदस्यका प्रमुख र उहाँले गर्ने कामका बारेमा छलफल गराई उक्त कामको भूमिका अभिनय गर्न लगाउने, जस्तै :<br>(क) शिक्षकले पढाएको<br>(ख) कृषकले खनेको<br>(ग) चिकित्सकले जाँचेको<br>४. ब्रहम्पुरी गाउँपालिकाको चित्र वा नक्सा प्रदर्शन गरी नाम र वडासङ्ख्या भन्न लगाउने<br>५. नक्सा वा चित्रमा दिइएको वडासङ्ख्या र गाउँ/टोलका आधारमा आफू बस्ने स्थान पहिचान गर्न लगाउने । यसको थप अभ्यासका लागि जोडी वा ससाना समूहका छलफल गर्न लगाई साथीको वडासङ्ख्या र गाउँ/टोल पनि पहिचान गर्न लगाउने<br>६. सूचना प्रविधिका साधन उपयोग गरी आफ्नो ब्रहम्पुरी गाउँपालिकाको सामान्य परिचय दिने सामग्री प्रस्तुत गर्ने र त्यसका आधारमा कुराकानी तथा प्रश्नोत्तर गर्न लगाउने | | | | |
| | | | २. **प्राकृतिक स्रोत र साधन** | | | | |
| १. आमाबुबासँग सोधेर आफ्नो गाउँपालिकाभित्र पर्ने प्राकृतिक स्रोत र साधनको नाम बताउन<br>२. स्थानीय प्राकृतिक स्रोत र साधनका नाम र उपलब्ध हुने स्थान सोधेर भन्न<br>३. प्राकृतिक स्रोत र साधनबाट हुने फाइदा बताउन<br>४. प्राकृतिक स्रोत र साधनको उपयोगिता बताउन | (क) प्राकृतिक स्रोत र साधनको सामान्य परिचय<br>(ख) प्राकृतिक स्रोत र साधनको नाम र उपलब्ध हुने स्थान | (क) प्राकृतिक स्रोत र साधनको परिचय, नाम र उपलब्ध हुने स्थान<br>(ख) प्राकृतिक स्रोत र साधनबाट हुने फाइदा<br>(ग) प्राकृतिक स्रोत र साधनको मुख्य मुख्य काम<br>(घ) प्राकृतिक स्रोत र साधनको विविधता | १. शिक्षकले प्राकृतिक स्रोत र साधनको परिचय दिँदै पाइने स्थान, नाम बताउने । यस क्रममा प्राकृतिक स्रोत र साधनको चित्र देखाउँदै सिकाइलाई थप प्रस्ट पार्ने<br>२. विद्यार्थीलाई प्रश्नोत्तर विधिबाट प्रस्ट पार्ने<br>३. प्राकृतिक स्रोत र साधनको कामका बारेमा छलफल गराउने र प्रस्ट नभएका कुरा प्रस्ट पारिदिने | (क) प्राकृतिक स्रोत र साधन झल्किने चित्र<br>(ख) व्यक्तिगत वा पारिवारिक प्रयोग सम्बद्ध चित्र<br>(ग) श्रव्यदृश्य सामग्री | (क) छलफल<br>(ख) प्रदर्शन<br>(ग) स्थलगत भ्रमण वा अवलोकन<br>(घ) प्रश्नोत्तर | १. विद्यार्थीले प्राकृतिक स्रोत र साधन नाम भन्न लगाई मापन गर्ने<br>२. प्रदर्शित नक्सा वा चित्र जस्तै गरी चित्र वा नक्सा कोरे नकोरेको अवलोकन गर्ने<br>३. कोरिएको नक्सामा बस्ती वा सहर, नदीनाला, वनजङ्गल, मठमन्दिर, साँधसिमाना सही ढङ्गले राखे नराखेको हेरी सिकाइको मूल्याङ्कन गर्ने | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ४. नक्सा वा चित्रमा दिइएको प्राकृतिक स्रोत र साधन पाइने ठाउँ चिन्न लगाउने र भन्न लगाउने<br>५. प्राकृतिक स्रोत र साधनको स्थलगत भ्रमण गराई प्रस्ट पार्ने | | | ४. विद्यार्थीले आत्मविश्वास तथा स्पष्टताका साथ प्रस्तुति गरे नगरेको अवलोक गरी सिकाइ उपलब्धिको लेखाजोखा गर्ने<br>५. छलफल, कुराकानी तथा भूमिका अभिनयमा देखाएको सक्रियता, कार्य सम्पादन, सहकार्यात्मक व्यवहारका आधारमा मूल्याङ्कन गर्ने | |
| **३. स्थानीय सम्पदा संस्कार र संस्कृति** | | | | | | | |
| १. आफ्नो घरमा मानिने देवी, देवता वा इष्ट देवको नाम बताउन र आफ्नो धर्म बताउन<br>२. वरपर रहेका धार्मिक मठ, मन्दिर र मस्जिदको नाम बताउन<br>३. आफ्नो टोल वा समाजमा मानिने धर्महरूको नाम बताउन<br>४. स्थानीयस्तमा मनाइने चाडपर्वको नाम बताउन<br>५. आफ्नो समुदायमा हुने विभिन्न संस्कार को नाम बताउन | (क) हाम्रो चाडपर्व<br>(ख) हाम्रो धर्म र संस्कार | (क) आफू, परिवार र आफ्नो टोल वा नगरमा मान्ने धर्म<br>(ख) मेला, जात्रा तथा पर्व | १. शिक्षकले आफ्नो धर्मका साथै विभिन्न धर्मको परिचय दिँदै विद्यार्थीहरूलाई उनीहरूको धर्मका बारेमा छलफल गर्न लगाउने<br>२. आफ्नो घर परिवारमा कुन धर्म वा कसलाई मान्ने गर्नुहुन्छ भन्ने प्रश्नका आधारमा छलफल गराउने<br>३. विभिन्न मठमन्दिर तथा मस्जिदको स्थलगत भ्रमण गराई तिनको नाम, स्वरूप वा बनावट तथा अन्य सान्दर्भिक पक्ष पहिचान गरी भन्न लगाउने<br>४. स्थानीय चाडपर्वको नामका बारेमा छलफल गराई तपाईँका घरमा कुन कुन चाडपर्व मनाइन्छ भनेर प्रश्न गर्ने<br>५. आफ्नो गाउँमा जन्म, विवाह, मृत्यु, न्वारनलगायतका संस्कार तथा संस्कृतिका बारेमा छलफल गराएर यिनीहरूको नाम भन्ने तथा भन्न लगाउने | (क) देवी देवताको चित्र<br>(ख) मठ, मन्दिर, मस्जिदको चित्र<br>(ग) श्रव्यदृश्य सामग्री | (क) छलफल<br>(ख) प्रदर्शन<br>(ग) स्थलगत भ्रमण वा अवलोकन<br>(घ) प्रश्नोत्तर | १. विद्यार्थीलाई आफ्नो घरपरिवारमा मान्ने देवीदेवता तथा धर्मको नाम सोधेर लेखाजोखा गर्ने<br>२. आफ्नो घर, छिमेक र समुदायमा मनाइने चाडपर्वको नाम बोल्न लगाई मापन गर्ने<br>३. वरपर रहेका मठमन्दिर तथा मस्जिदको नाम भन्न लगाई मापन गर्ने<br>४. लिखित अभ्यास गर्न लगाएर मापन गर्ने<br>५. समुदायमा मानिने धर्मका बारेमा भन्न लगाएर सिकाइ भए नभएको यकिन गर्ने | ४० |
| ४. व्यावसायिक खेती | | | | | | | |
| १. स्थानीय तहमा गरिएका कुखुरापालन केन्द्रको अवलोकन गरी मुख्य मुख्य कुरा बताउन<br>२. उखु खेतीका बारेमा छलफल गर्न<br>३. कखुरा र उखुको मूल्य सोध्न र बताउन | (क) कुखुरापालन<br>(ख) उखु खेती<br>(ग) कुखुरा र उखुको मूल्य | (क) कुखुरापालन केन्द्र<br>(ख) चल्ला र यिनको आहारा<br>(ग) सङ्ख्या, रङ र आकार<br>(घ) उखुबारी<br>(ङ) उखुको रस | १. स्थानीय तहमा गरिएका कुखुरापालन केन्द्रको स्थलगत अवलोकन भ्रमण गराउने। यस क्रममा चल्ला तथा कुखुरा गन्न, रङ भन्न, साना, ठुला चिन्न, भालेपोथी चिन्न | (क) सान्दर्भिक चित्र<br>(ख) वास्तविक वस्तु | (क) प्रश्नोत्तर<br>(ख) प्रदर्शन<br>(ग) अवलोकन<br>(घ) छलफल<br>(ङ) प्रयोग | १. मौखिक प्रश्नोत्तर गरेर मापन गर्ने<br>२. छलफल (युगल, सामूहिक) मा सहभागिता गर एर सिकाइको लेखाजोखा गर्ने<br>३. समूह कार्यमा सक्रियता हेरेर सिकाइको मूल्याङ्कन गर्ने | ८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | (च) चिनी<br>(छ) मूल्य | लगाउने । ब्रोइलर कुखुरा पालेको भए तीनका बारेमा जानकारी दिने<br>२. आफ्नो घरमा कुखुरा पाले नपालेको तथ्य पत्ता लगाई पालेको भए घर का कुखुरालाई के के गर्ने गरिन्थ्यो ? यहाँ के के गरिँदो रहेछ भनी तुलना गर्न लगाउने<br>३. तपाईँलाई कुन रङको कस्तो कुखुरा मन पर्छ भनी विद्यार्थीलाई आफैँ जानकारी लिन र दिन उत्प्रेरित गर्ने<br>४. उखुबारीको स्थलगत अवलोकन भ्रमण गराई उखु र उखुको रसका बारेमा बताउने<br>५. उखुको रस, सक्खर र चिनीको सम्बनध बताई बताई तिनीहरूको मूल्यका बारेमा जानकारी दिने ।<br>६. कुखुरा तथा चल्लाको मूल्यका बारेमा जानकारी दिई मूल्यको बोधसँगै अङ्क गणना, जोड, घटाउ जस्ता आधारभूत गणितीय क्रियाको अभ्यास गराउने | | (च) परियोजना | ४. निर्दिष्ट सूचीको प्रस्तुति गर्न लगाउने र त्यसका आधारमा मापन गर्ने<br>५. स्थलगत अध्ययन भ्रमण र अवलोकन गर्न लगाएर सिकाइको लेखाजोखा गर्ने | |
| **५. स्थानीय पेसा** | | | | | | | |
| १. घर/छिमेकमा रहेको कृषि तथा पशुपालन अवलोकन गरी मुख्य मुख्य कुरा बताउन<br>२. उत्पादित बालीहरूका प्रकार र उत्पादन हुने मौसम भन्न<br>३. मासु, दुध, उनलगायत उत्पादित वस्तुको उपयोगका उपयोगका क्षेत्र बताउन<br>४. स्थानीय तरकारी तथा फलफूलहरूको उपयोगको महत्त्व बताउन<br>५. स्थानीय तहमा प्रचलित पेसाको जानकारी लिन र दिन | (क) कृषि तथा पशुपालन<br>(ख) स्थानीय पेसा | (क) कृषि तथा पशुपालन क्षेत्रको अवलोकन<br>(ख) उत्पादित बालीहरूका प्रकार र उत्पादन हुने मौसम<br>(ग) मासु, दुधलगायत उत्पादित वस्तु<br>(घ) स्थानीय तरकारी तथा फलफूल<br>(ङ) कृषक, शिक्षक, सिलाइकर्ता, चालक, कामदार जस्ता पेसाकर्मी<br>(च) किराना पसल र हाटबजार | १. आफू र आफ्नो परिवारले गर्ने कृषि तथा पशुपालनका बारेमा छलफल तथा अन्तरक्रिया गर्न लगाउने । छलफल तथा अन्तर क्रियाका निम्नानुसारका प्रश्नहरू सोध्न लगाउने<br>(अ) तिम्रो घरमा कुन कुन जनावर पालिएका छन् ?<br>(आ) तिम्रो घरमा कुन कुन अन्न छन् ? (धान, मकै, गहुँ, फापर, कोदो .....) ती अन्न किनेर ल्याइन्छ कि खेती गरी उब्जाइन्छ ? | (क) सान्दर्भिक चित्र<br>(ख) वास्तविक वस्तु | (क) प्रश्नोत्तर<br>(ख) प्रदर्शन<br>(ग) अवलोकन<br>(घ) छलफल<br>(ङ) प्रयोग<br>(च) परियोजना | १. मौखिक प्रश्नोत्तर गरेर मापन गर्ने<br>२. छलफल (युगल, सामूहिक) मा सहभागिता गर एर सिकाइको लेखाजोखा गर्ने<br>३. समूह कार्यमा सक्रियता हेरेर सिकाइको मूल्याङ्कन गर्ने<br>४. निर्दिष्ट सूचीको प्रस्तुति गर्न लगाउने र त्यसका आधारमा मापन गर्ने<br>५. स्थलगत अध्ययन भ्रमण र अवलोकन गर्न लगाएर सिकाइको लेखाजोखा गर्ने<br>६. लिखित अभ्यास गर्न लगाएर सिकाइको मापन गर्ने | २४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | (छ) खाजा तथा खाना घर | (ङ) तिम्रो घरमा कुन कुन तरकारी खाइन्छ ? (सागपात, काउली, करेला, आलु, ...)<br>२. बालबालिकालाई मन पर्ने जनावर र पशुपन्छीका नाम सोधी मन पर्नाको कारण बताउन लगाउने ।<br>३. कृषक, शिक्षक, सिलाइकर्ता, चालक, कामदार जस्ता पेसाकर्मीका चित्र प्रदर्शन गर्दै तिनीहरूका बारेमा जानकारी दिने<br>४. स्थानीय किराना पसल र हाटबजार को अवलोकन गराई पेसागत अवस्था र गर्नुपर्ने कामका बारेमा जानकारी दिने । यस क्रममा विद्यार्थीलाई ससाना समूहमा बाँडी छलफल गर्न लगाउने<br>५. नजिकैको खाजा तथा खाना घरको अवलोकन गराई पेसागत अवस्था र गर्नुपर्ने कामका बारेमा जानकारी दिने । यस क्रममा सान्दर्भिक प्रश्नोत्तर पनि गर्ने गराउने | | | | |
| ६. स्थानीय भाषा | | | | | | | |
| १. विभिन्न पक्षी, जनवार र वस्तुहरूको आवाज सुनेर तिनको पहिचान गर्न<br>२. मातृभाषामा दिइएका विभिन्न प्रकारका निर्देशनहरू सुनेर पालना गर्न<br>३. आफ्नो मातृभाषाका सरल शब्दहरू उच्चारण गरी बोल्न<br>४. आफ्नो मातृभाषामा लेखिएका रचनाहरू मिलाई सुनेर भन्न<br>५. शिष्टाचारका शब्द प्रयोग गरी बोल्न<br>६. परिचित व्यक्तिसँग सोधपुछ कुराकानी र प्रश्नोत्तर गर्न<br>७. परिचित स्थानीय बालगीतहरू व्यक्तिगत तथा समूहमा हाउभाउसहित गाउन | (क) सुनाइ सिप<br>(ख) बोलाइ सिप<br>(ग) पढाइ सिप<br>(घ) लेखाइ सिप | (क) पक्षी र जीवजन्तुको आवाज<br>(ख) अह्राएका साधारण काम, जस्तै : यता आऊ, उता जाऊ,<br>(ख) आफ्ना परिवारका सदस्यले गर्ने काम<br>(ग) आफ्नो मातृभाषामा निर्देशन दिँदा सम्बोधन गरेर बोल्दा बोलिने शब्दहरू<br>(घ) सग्ला वर्ण, संयुक्त वर्ण, मात्रा लागेका वर्ण, सरल शब्द<br>(ङ) सोधपुछ र कुराकानी | १. विद्यार्थीहरूलाई आँखा चिम्लिन लगाई विभिन्न आवाज सुनाएर पहिचान गर्न लगाउने र त्यसको नक्कल गर्न लगाउने<br>२. विद्यार्थीसँग उनीहरूको घरपरिवारका बारेमा प्रश्नोत्तर गर्ने<br>३. विभिन्न निर्देशनहरू दिएर सोहीअनुसार काम गर्न लगाउने<br>४. कुनै विषयवस्तुका सम्बन्धमा आफ्नो मातृभाषामा मौखिक प्रश्नोत्तर गर्ने<br>५. आफ्नो मातृभाषामा लेखिएको सरल शब्दको उच्चारण गर्न लगाउने<br>६. वस्तु र नाम सम्बन्ध गराएर वर्ण चिन्न अभ्यास गराउने | (क) पक्षी र जनावर को आवाज र चित्र<br>(ख) वर्ण तथा शब्द पत्ती<br>(ग) श्रव्यदृश्य सामग्री | (क) छलफल<br>**(ख) प्रदर्शन**<br>(ग) भूमिका अभिनय<br>**(घ) अवलोकन**<br>(ङ) प्रश्नोत्तर<br>(च) प्रश्नोत्तर<br>(छ) खेल विधि | १. शिक्षकले अह्राएका काम विद्यार्थीले गरे नगरेको तथा रुची लिएर सुनेका छन् वा छैनन् भनी अवलोकन गर्ने<br>२. वर्ण र शब्दको उच्चारण ठिक ढ्गले गरे नगरेको सुन्ने<br>३. सोधेको कुराको जवाफ सुन्ने<br>४. वर्णपत्तीमा लेखिएका वर्णहरू पढ्न लगाउने<br>५. विभिन्न आकार, घेरा, धर्का आदि कोर्न लगाउने<br>६. वर्णहरू लेख्न लगाउने सिकाइ उपलब्धिको मापन गर्ने<br>७. विद्यार्थी बोल्दा शिष्टाचारका शब्द प्रयोग गरे नगरेको अवलोकन गर्ने | ४८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८. आफूले सुनेका बालकथा भन्न<br>९. वर्णमालाका वर्णहरू चिन्न र शुद्ध उच्चारण गरी पढ्न ।<br>१०. निर्धारित शब्दहरू पढ्न<br>११. आफ्नो भाषाको लेख्य मानकअनुसार वर्ण लेख्न<br>१२. पठित वर्ण प्रयोग गरी सरल शब्द लेख्न<br>१३. मात्रासहितका सरल शब्द अनुलेखन गर्न<br>१४. सरल र परिचित शब्दको प्रयोग गरी वाक्य लेख्न ।<br>१५. वचन, लिङ्ग पुरुष र आदरसँग क्रियापदको मेल गराएर बोल्न र लेख्न<br>१६. सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको प्रयोग गरी शब्द भण्डार वृद्धि गर्न | | (च) स्थानीय बालगीत र बालकथा<br>(छ) वचन, लिङ्ग, पुरुष र आदर बोधक पारिवारिक शब्द | ७. वर्णहरूसँग मिल्ने धर्काहरू, आकारहरू लेख्न अभ्यास गराउने<br>८. मन परेको चित्र कोर्न लगाउने<br>९. शिक्षकले विद्यार्थीलाई तहगत रुपमा सान्दर्भिक शब्द प्रयोग गरी शिष्टाचार गर्न सिकाउने र विद्यार्थीलाई सोहीअनुसार गर्न प्रेरित गर्ने<br>१०. विद्यार्थीलाई सहपाठी सिकाइका लागि उत्प्रेरित गर्ने, जस्तै :<br>अभिव्यक्ति : तिम्रो नाम के हो ?<br>११. विद्यार्थीहरूलाई परिचित स्थानीय बालगीतहरू सुनाउने र व्यक्तिगत तथा सामूहिक रूपमा गाउन लगाउने ।<br>१२. शिक्षकले विद्यार्थीलाई उनीहरूले जानेका बालकथा भन्न लगाउने र उनीहरूले भन्न नसकेका ठाउँमा सहयोग गरी कथा पूरा गर्न उत्प्रेरित गर्ने ।<br>१३. वर्णमालाका स्वर र व्यञ्जन वर्णहरू तालिकामा राखी चिनाउने र उच्चारण गर्न पनि लगाउने ।<br>१४. शिक्षकले सान्दर्भिक शब्द लेखी पढेर सुनाउने र विद्यार्थीलाई पढ्ने तथा ती शब्दहरू पढ्न लगाउने<br>१५. शिक्षकले कुनै वस्तु वा चित्रको वर्णन गर्दा मिलेका वाक्यहरू बोल्न र लेख्न प्रोत्साहित गर्ने<br>१६. विद्यार्थीलाई पाठ्य तथा सन्दर्भ सामग्रीका विभिन्न चित्रवस्तका चित्र हेरेर तिनको नाम भन्न तथा लेख्न लगाउने<br>१७. विद्यार्थीलाई विभिन्न शब्द सुनाउने र चित्र कल्पना गरी तिनको चित्र बनाउन लगाउने<br>१८. पठित वर्णअनुसार शब्द र शब्दअनुसार वाक्य भन्न, पढ्न र लेख्न लगाउने । | | | ८. शिक्षकले सोधेका प्रश्नको जवाफ दिए नदिएको अवलोकन गर्ने<br>९. विद्यार्थीहरूलाई कथा भन्न लगाउने<br>१०. वर्णमालाका वर्णहरूलाई क्रम मिलाएर र नमिलाई देखाएर चिने नचिनेको अवलोकन गर्ने<br>११. शब्दहरू पढ्न लगाउने र राम्ररी पढे नपढेको अवलोकन गर्ने तथा शुद्धसँग पढे नपढेका अवलोकन गर्ने<br>१२. चित्रअनुसारका नाम भने भनेको, लेखे नलेखको अवलोकन गर्ने<br>१३. शब्दअनुसारको चित्र बनाएको नबनाएको अवलोकन गर्ने<br>१४. विद्यार्थीले वाक्य बोल्दा र लेख्दा वचन मिले नमिलेको अवलोकन गर्ने<br>१५. विद्यार्थीले वाक्य बोल्दा वा लेख्दा लिङ्ग पुरुष र आदर मिले नमिलेको अवलोकन गर्ने | |
| जम्मा पाठ्यघण्टा | | | | | | | १६० |

## कक्षा २

| सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | शिक्षण विधि | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| **१. गाउँपालिकाको परिचय** | | | | | | | |
| १. नक्सा वा चित्रका आधारमा आफ्नो गाउँपालिका वरपर रहेका गाउँपालिका एवम् नगरपालिका चिन्न र भन्न<br>२. बस्ती वा सहर, नदीनाला, वनजङ्गल, मठमन्दिर, मस्जिदलगायतका पक्ष समेटी आफ्नो ब्रहम्पुरी गाउँपालिकाको विशेषता प्रस्तुत गर्न<br>३. ब्रहम्पुरी गाउँपालिकाको वडागत साँध सिमाना बताउन<br>४. ब्रहम्पुरी गाउँपालिकाको वडागत विशेषताको सूची निर्माण तथा प्रदर्शन गर्न | (क) गाउँ पालिका-को भूगोल<br>(ख) गाउँ पालिका -को वडागत विशेषता र साँध सिमाना | (क) गाउँपालिका वरपर रहेका नगरपालिका वा नगर पालिका<br>(ख) गाउँपालिकाको विशेषता (बस्ती वा सहर, नदीनाला, वनजङ्गल, मठमन्दिर, मस्जिद लगायत)<br>(ग) गाउँपालिकाको वडागत साँध सिमाना<br>(घ) गाउँपालिकाको वडागत विशेषता | १. गाउँपालिका वरपर रहेका गाउँपालिका वा नगरपालिका काका नक्सा वा चित्र प्रदर्शन गर्ने । चित्र वा नक्साका आधारमा वरपरका गाउँपालिका वा नगरि पालिका चिन्न र तिनका नाम भन्न लगाउने<br>२. प्रदर्शित नक्सा वा चित्र जस्तै गरी चित्र वा नक्सा कोर्न लगाउने<br>३. कोरिएको नक्सामा बस्ती वा सहर, नदीनाला, वनजङ्गल, मठमन्दिर, मस्जिद लगायतपक्ष समावेश गर्न लगाउने । यस कार्यमा विद्यार्थीले कठिनाइ महसुस गरेमा शिक्षकले नमुना प्रदर्शन गर्ने तथा आफ्नो ब्रहम्पुरी गाउँपालिकाको वडागत साँध सिमाना बताउन लगाउने<br>४. ब्रहम्पुरी गाउँपालिकाको विशेषता भएको सूची प्रदर्शन गर्ने र त्यसमा छलफल एवम् प्रश्नोत्तर गर्न लगाउने<br>५. विद्यार्थीलाई ससाना समूहमा विभाजन गरी प्रदर्शित सूचीमा थपघट गर्दै समूहका तर्फबाट मौलिक प्रस्तुति गर्न लगाउने<br>६. नजिकका वडाका साँधसिमानाको अवलोकन भ्रमण गर्न लगाउने<br>७. स्थलगत भ्रमणका ब्रहम्पुरी गाउँपालिकाको वडागत विशेषता टिपोट गर्न लगाउने | (क) वरपरका गाउँपालिका वा नगरपीलका सहितको नक्सा वा चित्र<br>(ख) गाउँ पालिकाको विशेषता समेटिएको सूची<br>(ग) श्रव्यदृश्य सामग्री | (क) छलफल<br>(ख) प्रदर्शन<br>(ग) स्थलगत भ्रमण वा अवलोकन<br>(घ) प्रश्नोत्तर | १. प्रदर्शित नक्सा वा चित्रका आधारमा गाउँपालिका तथा वरपरका गाउँपालिका र नगरपालिका पहिचान गरे नगरेका आधार मा लेखाजोखा गर्ने<br>२. प्रदर्शित नक्सा वा चित्र जस्तै गरी थोप्ले आकृतिमो उपयोग गरी वा स्वतन्त्र रूपले चित्र वा नक्सा कोरे नकोरेको अवलोकन गर्ने<br>३. कोरिएको नक्सामा बस्ती वा सहर, नदीनाला, वनजङ्गल, मठमन्दिर, मस्जिद, साँधसिमाना सही ढङ्गले राखे नराखेको हेरी सिकाइको मूल्याङ्कन गर्ने<br>४. विद्यार्थीले सिकाइलाई आत्मविश्वास तथा स्पष्टताका साथ प्रस्तुति गरे नगरेको अवलोक गरी सिकाइ उपलब्धिको लेखाजोखा गर्ने<br>५. छलफल, कुराकानी तथा भूमिका अभिनयमा देखाएको सक्रियता, कार्य सम्पादन, सहकार्यात्मक व्यवहारका आधारमा मूल्याङ्कन गर्ने<br>६. गाउँपालिका र यसको वडागत विशेषताको सूची निर्माण तथा प्रदर्शन गर्न सके नसकेका तथा यस्तो कार्य गर्दा विषयवस्तुको ज्ञान र यसको प्रस्तुतीकरणका आधारमा सिकाइको मापन गर्ने<br>७. अभिभावकसँगको छलफल तथा अन्तर क्रियाका आधारमा वडागत विशेषता टिपोट गर्ने परियोजना कार्य दिई त्यसका आधारमा मूल्याङ्कन गर्ने | २४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ८. गाउँपालिकाका विविध पक्ष समेटिएको श्रव्यदृश्य सामग्री प्रस्तुत गरी विद्यार्थीको टिपोटसँग तुलना तथा प्रश्नोत्तर गर्न लगाउने<br>९. विद्यार्थीलाई पनि वडागत विशेषता झल्किने चित्र, फोटो र भिडियो खिच्न तथा कक्षामा प्रस्तुत गर्न उत्प्रेरित गर्ने र यसका लागि आवश्यकतानुसार शिक्षक तथा अभिभावकको सहयोग लिन लगाउने | | | | |
| **२. प्राकृतिक स्रोत र साधन** | | | | | | | |
| १. आफ्नो गाउँ भएर बग्ने नदीनालाको नाम भन्न<br>२. आफ्नो घरमा प्रयोग भएको पानीको स्रोत बताउन<br>३. पानीको महत्त्व बताउन<br>४. सुरक्षित पिउने पानीको महत्त्व बताउन<br>५. वनजङ्गलमा हुने केही जनावर तथा रुखका नाम बताउन र चिन्न<br>६. वनजङ्गलबाट पाइने वस्तुको नाम भन्न<br>७. प्राकृतिक स्रोतको परिचय दिन | (क) नदी नाला तथा पानीको स्रोत<br>(ख) पानीको महत्त्व<br>(ग) सुरक्षित पिउने पानी<br>(घ) जनावर तथा बिरुवाहरू<br>(ङ) प्राकृतिक स्रोत | (क) आफ्नो गाउँ नजिकैबाट बग्ने खोलानालाको नाम भन्न<br>(ख) आफ्नो घरमा प्रयोग हुने पानीको स्रोत<br>(ग) पानीको महत्त्व<br>(घ) सुरक्षित पिउने पानीको महत्त्व<br>(ङ) जङ्गली जनावर तथा बिरुवा<br>(च) वनजङ्गलबाट पाइने वस्तु<br>(छ) प्राकृतिक स्रोतको परिचय | १. विद्यार्थीहरूसँग भएको प्राकृतिक स्रोत र साधनको चित्र सङ्कलन गर्न लगाउने वा शिक्षक आफैँले सङ्कलन गरेको चित्र नक्साका आधारमा प्राकृतिक स्रोत र साधन चिन्न र नाम भन्न लगाउने<br>२. बनाइएका वा सङ्कलित नक्सामा बस्ती, वन, नदीनाला जस्ता पक्ष समावेश गर्न लगाउने। विद्यार्थीले कठिनाइ महसुस गरेमा शिक्षकले नमुना प्रदर्शन गर्ने तथा प्राकृतिक स्रोत र साधनको विशेषता भएको सूची देखाउने। यस क्रममा चित्र र नक्साका बारेमा छलफल गरी प्रस्ट पार्ने<br>३. विद्यार्थीलाईससाना समूहमा विभाजन गरी प्रर्दशन गरिएका सूचीका थपघट गरेर समूहको मौलिक प्रस्तुति गर्न लगाउने<br>४. प्राकृतिक स्रोत तथा साधनसम्बन्धी विविध पक्ष समेटिएका श्रव्यदृश्य सामग्री प्रस्तुत गरी विद्यार्थीको टिपोटसँग तुलना र प्रश्नोत्तर गर्न लगाउने | (क) प्राकृतिक स्रोत र साधनको सङ्कलित चित्र<br>(ख) प्राकृतिक स्रोत र साधनको विशेषता समेटिएको सूची<br>(ग) श्रव्यदृश्य सामग्री | (क) छलफल<br>(ख) प्रदर्शन<br>(ग) स्थलगत भ्रमण वा अवलोकन<br>(घ) प्रश्नोत्तर | १. प्राकृतिक स्रोत र साधनको परिचय तथा परिभाषा सोधी सिकाइ उपलब्धिको लेखाजोखा गर्ने<br>२. विद्यार्थीले सिकाइलाई आत्मविश्वास तथा स्पष्टताका साथ प्रस्तुति गरे नगरेको अवलोक गरी सिकाइ उपलब्धिको लेखाजोखा गर्ने<br>३. छलफल, कुराकानी तथा समूह कार्यका क्रममा देखाएको सक्रियता, कार्य सम्पादन, सहकार्यात्मक व्यवहारका आधारमा मूल्याङ्कन गर्ने | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ५. जङ्गली जनावर र बोटबिरुवाका चित्र वा फोटा प्रदर्शन गरी तिनका बारेमा छलफल तथा प्रदर्शन गराउने<br>६. जङ्गली जनावर र बोटबिरुवाका बारेमा परियोजना कार्य निर्माण गरी सम्पन्न गर्न लगाउने | | | | |
| **३. स्थानीय सम्पदा संस्कार र संस्कृति** | | | | | | | |
| १. आफ्नो साथी, छिमेकी तथा पाहुनालाई अभिवादन गर्न<br>२. परिवारका सदस्यले र छिमेकीले लगाउने पहिरनको नाम बताउन<br>३. समुदायमा मनाइने चाडपर्व जात्रामा सरिक हुन<br>४. जात्रामा लगाइने विशेष पहिरनको नाम बताउन<br>५. घरमा बनाइने विशेष परिकारको नाम भन्न र सूची बनाउन<br>६. आफ्नो गाउँमा रहेका मठमन्दिर, मस्जिद आदिको नामको सूची बनाउन<br>७. आफ्नो गाउँमा रहेका मठमन्दिर, मस्जिद आदिको महत्त्व बताउन<br>८. आफ्नो गाउँमा रहेका ऐतिहासिक स्थलको परिचय र महत्त्व बताउन | (क) अभिवादन<br>(ख) पहिरन<br>(ग) चाडपर्व<br>(घ) विशेष खाना र पहिरन<br>(ङ) मठमन्दिर, मस्जिद लगायत र यिनको महत्त्व<br>(च) ऐतिहासिक स्थल | (क) घर परिवार, साथी, समुदायका व्यक्ति पाहुनालाई गरिने अभिवादन<br>(ख) घरका सदस्यले र छिमेकका व्यक्तिले लगाउने पहिरन<br>(ग) समुदायमा मनाइने चाडपर्व र विशेष कार्य<br>(घ) चाडवाडमा बनाइने विशेष परिकार<br>(ङ) मठमन्दिर तथा मस्जिदको नाम तथा महत्त्व<br>(च) आफ्नो गाउँमा रहेका ऐतिहासिक स्थलको परि चय र महत्त्व | १. शिक्षकले आफ्नो परम्पराअनुसारका अभिवादनका तरिकाका बारेमा परिचय दिँदै विद्यार्थीहरूलाई उनीहरूको धर्मका बारेमा छलफल गर्न लगाउने<br>२. आफ्नो घर परिवारमा कुन अभिवादन कसरी गर्नुहुन्छ भन्ने प्रश्नका आधारमा छलफल गराउने<br>३. विभिन्न मठमन्दिर तथा मस्जिदको स्थलगत भ्रमण गराई तिनको नाम, स्वरूप वा बनावट तथा अन्य सान्दर्भिक पक्ष पहिचान गरी भन्न लगाउने<br>४. स्थानीय चाडपर्वको नामका बारेमा छलफल गराई तपाईँका घरमा कुन कुन चाडपर्व मनाइन्छ भनेर प्रश्न गर्ने<br>५. आफ्नो गाउँ तथा सहरमा रहेका ऐतिहासिक स्थलका बारेमा छलफल गराएर यिनीहरूको नाम भन्ने तथा भन्न लगाउने | (क) अभिवादनका प्रकार झल्किने चित्र<br>(ख) मठ, मन्दिर, मस्जिदको चित्र<br>(ग) श्रव्यदृश्य सामग्री | (क) छलफल<br>(ख) प्रदर्शन<br>(ग) स्थलगत भ्रमण वा अवलोकन<br>(घ) प्रश्नोत्तर | १. विद्यार्थीलाई आफ्नो घरपरिवारमा अभिवादन सम्बद्ध प्रश्नहरू सोधेर लेखाजोखा गर्ने<br>२. आफ्नो घर, छिमेक र समुदायमा मनाइने चाडपर्वको नाम बोल्न लगाई मापन गर्ने<br>३. वरपर रहेका मठमन्दिर तथा मस्जिदको नाम भन्न लगाई मापन गर्ने<br>४. लिखित अभ्यास गर्न लगाएर मापन गर्ने<br>५. समुदायमा मानिने धर्मका बारेमा भन्न लगाएर सिकाइ भए नभएको यकिन गर्ने | ४० |
| ४. व्यावसायिक खेती | | | | | | | |
| १. स्थानीय तहमा गरिएका तरकारी व्यवसायको अवलोकन गरी मुख्य मुख्य कुरा बताउन<br>२. स्थानीय तहमा रहेका फलफूल बजार का बारेमा छलफल गर्न | (क) तरकारी व्यवसाय<br>(ख) फलफूल बजार | (क) तरकारी बजार<br>(ख) तरकारीको प्रकार<br>(ग) स्थानीय तहमा उत्पादन हुने तरकारी<br>(घ) फलफूल बजार | १. स्थानीय तहमा गरिएका भएका तरकारी बजारको स्थलगत अवलोकन भ्रमण गराउने। यस क्रममा नजिकका अन्य तरकारी बजारका बारेमा जानकारी दिने | (क) सान्दर्भिक चित्र<br>(ख) वास्तविक वस्तु | (क) प्रश्नोत्तर<br>(ख) प्रदर्शन<br>(ग) अवलोकन | १. मौखिक प्रश्नोत्तर गरेर मापन गर्ने<br>२. छलफल (युगल, सामूहिक) मा सहभागिता गराएर सिकाइको लेखाजोखा गर्ने<br>३. समूह कार्यमा सक्रियता हेरेर सिकाइको मूल्याङ्कन गर्ने | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३. तरकारी र फलफूलको मूल्य सोध्न र बताउन | (ग) तरकारी र फलफूलको मूल्य | (ङ) फलफूलको रस<br>(च) मूल्य | २. आफ्नो घरमा उत्पादन गरिने तरकारी र बजारमा पाइएका तरकारीका बिचमा तुलना गर्न लगाउने<br>३. तपाईँलाई के कस्ता तरकारी मन पर्छन् भनी विद्यार्थीलाई आफैँ जानकारी लिन र दिन उत्प्रेरित गर्ने<br>४. फलफूल बजारको स्थलगत अवलोकन भ्रमण गराई फलफूल र यिनको रसका बारेमा बताउने<br>५. तरकारी र फलफूलको मूल्यका बारेमा जानकारी दिने ।<br>६. मूल्यका बारेमा छलफल गराउँदा मूल्यको बोधसँगै अङ्क गणना, जोड, घटाउ जस्ता आधारभूत गणितीय क्रियाको अभ्यास गराउने | | (घ) छलफल<br>(ङ) प्रयोग<br>(च) परियोजना | ४. निर्दिष्ट सूचीको प्रस्तुति गर्न लगाउने र त्यसका आधारमा मापन गर्ने<br>५. स्थलगत अध्ययन भ्रमण र अवलोकन गर्न लगाएर सिकाइको लेखाजोखा गर्ने | ८ |
| **५. स्थानीय पेसा** | | | | | | | |
| १. घर/छिमेकमा रहेको कृषि तथा पशुपालन अवलोकन गरी मुख्य मुख्य कुरा बताउन<br>२. उत्पादित बालीहरूका प्रकार र उत्पादन हुने मौसम भन्न<br>३. मासु, दुध, उनलगायत उत्पादित वस्तुको उपयोगका उपयोगका क्षेत्र बताउन<br>४. घरायसी तरकारी तथा फलफूलहरूको उपयोगको महत्त्व भन्न<br>५. रिक्सा, ट्याक्टर चलाउने, दाह्री कपाल काट्ने जस्ता स्थानीय पेसाका बारेमा बताउन<br>६. स्थानीय लोक गीत गाउन र लोक नृत्य अभ्यास गर्न ।<br>७. स्थानीय सामग्री प्रशोधन र सुरक्षाको उपाय बताउन | (क) कृषि तथा पशुपालन<br>(ख) स्थानीय पेसा | (क) कृषि तथा पशुपालन क्षेत्रका मुख्य मुख्य विशेषता<br>(ख) उत्पादित बालीहरूको सङ्कलन तथा बिक्री वितरणमा सहयोग<br>(ग) मासु, दुधलगायत उत्पादित वस्तुको उपयोग तरिका<br>(घ) घरायसी तरकारी तथा फलफूल<br>(ङ) रिक्सा, ट्याक्टर चलाउने, दाह्री कपाल काट्ने जस्ता स्थानीय पेसा<br>(च) गायन र नृत्य<br>(छ) सुकाएर, काटेर, पिँधेर वा अन्य कुनै तरिकाले सामग्री प्रशोधन र सुरक्षा | १. स्थानीय स्तरमा प्रयोग गरिने उपकरणहरूको परिचय र प्रयोग गर्न लगाउने । यस क्रममा स्थानीय कृषि औजारलाई जोड दिने<br>२. स्थानीय सामग्रीको उपयोग व्यासायिक उत्पादन र बजार व्यवस्थापन गर्न उत्प्रेरित गर्ने, जस्तै :<br>(अ) नर्सरी<br>(आ) गुन्द्री, सुकुल वा चकटी निर्माण<br>(इ) माटाका भाँडाकुँडा निर्माण<br>(ई) दही वा घिउ निर्माण<br>(उ) तरकारी एवम् फलफूलको सजावट र सुरक्षा<br>वा विद्यालयले तोकेको अन्य कुनै व्यवसाय | (क) सान्दर्भिक चित्र<br>(ख) वास्तविक वस्तु | (क) प्रश्नोत्तर<br>(ख) प्रदर्शन<br>(ग) अवलोकन<br>(घ) छलफल<br>(ङ) प्रयोग<br>(च) परियोजना | (क) मौखिक प्रश्नोत्तर गरेर मापन गर्ने<br>(ख) छलफल (युगल, सामूहिक) मा सहभागिता गराएर सिकाइको लेखाजोखा गर्ने<br>(ग) समूह कार्यमा सक्रियता हेरेर सिकाइको मूल्याङ्कन गर्ने<br>(घ) निर्दिष्ट सूचीको प्रस्तुति गर्न लगाउने र त्यसका आधारमा मापन गर्ने<br>(ङ) स्थलगत अध्ययन भ्रमण र अवलोकन गर्न लगाएर सिकाइको लेखाजोखा गर्ने<br>(च) लिखित अभ्यास गर्न लगाएर सिकाइको मापन गर्ने | २४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ३. छरछिमेकले गर्ने कृषि तथा पशुपालनका बारेमा छलफल तथा अन्तरक्रिया गर्न लगाउने ।<br>४. बालबालिकालाई मन पर्ने तरकारी र फलफूलका नाम सोधी मन पर्नाको कारण बताउन लगाउने<br>५. रिक्सा, ट्र्याक्टर चलाउने, दाह्री कपाल काट्नेजस्ता पेसाकर्मीका चित्र प्रदर्शन गदै ‍र्‍ तिनीहरूका बारेमा जानकारी दिने<br>६. स्थानीय गीत तथा बाजा बजाउन सिकाइ यस्ता कार्य अवलोकन गराई पेसागत अवस्था र गर्नुपर्ने कामका बारेमा जानकारी दिने । यस क्रममा विद्यार्थीलाई ससाना समूहमा बाँडी छलफल गर्न लगाउने<br>७. सुकाएर, काटेर, पिँधेर वा अन्य कुनै तरिकाले सामग्री प्रशोधन र सुरक्षाको अवलोकन तथा सोधखोज गर्न लगाई पेसागत अवस्था र गर्नुपर्ने कामका बारेमा जानकारी दिने । यस क्रममा सान्दर्भिक प्रश्नोत्तर पनि गर्ने गराउने | | | | |
| ६. स्थानीय भाषा | | | | | | | |
| १. साधारण मौखिक निर्देशन सुनेर पालना गर्न<br>२. विभिन्न प्रकारका आवाजहरू र उस्तै ध्वनि सुनिने शब्द सुनेर छुट्याउन<br>३. तीनचार जना बिचमा हुने सामान्य कुराकानीहरू सुनेर प्रतिक्रिया जनाउन<br>४. साधारण र परिचित बालगीत तथा कथाहरू सुनेर भन्न | (क) सुनाइ सिप<br>(ख) बोलाइ सिप<br>(ग) पढाइ सिप<br>(घ) लेखाइ सिप | (क) मौखिक निर्देशन<br>(ख) आवाजहरू र उस्तै ध्वनि सुनिने शब्द<br>(ग) कुराकानी र प्रतिक्रिया<br>(घ) बालगीत तथा कथा<br>(ङ) बालकविता<br>(च) संयुक्त व्यञ्जन वर्ण<br>(छ) शिष्टाचारका शब्द | १. विद्यार्थीलाई कालोपाटीमा हेर्ने, साथीको कुरा सुन्ने जस्ता विभिन्न निर्देशन दिई काम गर्न लगाउने<br>२. एक वाक्यको कुनै सूचना विद्यार्थीलाई सुनाएर सोही सूचना अर्को विद्यार्थीलाई भन्न लगाउने | (क) पक्षी र जनावरको आवाज र चित्र<br>(ख) वर्ण तथा शब्द पत्ती<br>(ग) श्रव्यदृश्य सामग्री | (क) छलफल<br>**(ख) प्रदर्शन**<br>(ग) भूमिका अभिनय<br>**(घ) अवलोकन**<br>(ङ) प्रश्नोत्तर<br>(च) प्रश्नोत्तर | १. शिक्षकले अह्राएका काम विद्यार्थीले गरे नगरेको तथा रुची लिएर सुनेका छन् वा छैनन् भनी अवलोकन गर्ने<br>२. वर्ण र शब्दको उच्चारण ठिक ढ्गले गरे नगरेको सुन्ने<br>३. सोधेको कुराको जवाफ सुन्ने<br>४. वर्णपत्तीमा लेखिएका वर्णहरू पढ्न लगाउने<br>५. विभिन्न आकार, घेरा, धर्का आदि कोर्न लगाउने | ४८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. विद्युतीय सञ्चार माध्यमबाट प्रसारित बालगीत, कविता तथा कथा रुचि लिएर सुन्न<br>६. संयुक्त वर्ण भएका र उस्तै ध्वनि सुनिने शब्दहरूको शुद्ध उच्चारण गर्न<br>७. शिष्टाचारका शब्द प्रयोग गरी बोल्न<br>८. सामान्य विषयमा परिचित व्यक्तिसँग सोधपुछ, कुराकानी, प्रश्नोत्तर र वर्णन गर्न<br>९. परिचित स्थानीय बालगीतहरू व्यक्तिगत तथा समूहमा हाउभाउसहित गाउन<br>१०. आफूले जानेका बालकथा भन्न<br>११. उस्तै ध्वनि सुनिने वर्ण र शब्दहरू ि बचको भिन्नता छुट्याई पढ्न<br>१२. जोडेमोडेका वर्णहरूबाट बनेको शब्द शुद्ध र स्पष्ट उच्चारण गरी पढ्न<br>१३. सरल वाक्य, बालगीत र कथाहरू सस्वर पढ्न<br>१४. चित्र बनाई त्यसको नाम लेख्न<br>१५. हिज्जे मिलाएर पठित वर्ण, शब्द र वाक्य लेख्न<br>१६. सरल अनुच्छेदको अनुलेखन गर्न<br>१७. परिचित शब्द तथा वाक्यहरू श्रुतिलेखन गर्न<br>१८. पूर्णविराम र प्रश्नवाचक चिह्नको प्रयोग गर्न<br>१९. वचन, लिङ्ग, पुरुष र आदरसँग क्रियापदको मेल गराएर बोल्न र लेख्न<br>२०. सामान्य वर्तमान र सामान्य भूतकाल प्रयोग गरी बोल्न | | (ज) सरल अनुच्छेद<br>(झ) पूर्णविराम र प्रश्नवाचक चिह्न<br>(ञ) वचन, लिङ्ग, पुरुष र आदर<br>(ट) क्रियाका काल | ३. गाई, भेडा, बाख्रा, चराचुरुङ्गी र वस्तुको आवाज सुनाउने र केको आवाज हो भनी छुट्याउन लगाउने<br>४. शिक्षकले तीनचार जना विद्यार्थीसँग कुनै विषयमा कुराकानी गर्ने र अरू विद्यार्थीलाई कुराकानी गर्न समावेश गराउने<br>५. शिक्षकले स्थानीय तहमा प्रचलित बालगीत र कथाहरू भनेर विद्यार्थीलाई सुन्न लगाउने र पुनः भन्न लगाउने<br>६. शिक्षकले विद्यार्थीलाई आफ्नो घर, परिवार तथा समुदायमा उपलब्ध हुने रेडियो, टिभीमा प्रसारण हुने बालगीत, कविता तथा कथा सुनेर आउन निर्देशन दिने<br>७. संयुक्त वर्ण भएका झन्डा, चम्चा, चप्पल, **घ्याम्पो**, जस्त मातृभाषाका शब्द सुनाएर उच्चारण गर्न लगाउने<br>८. शिक्षकले विद्यार्थीलाई उपयुक्त शब्द प्रयोग गरी शिष्टाचार गर्न सिकाउने र विद्यार्थीलाई सोहीअनुसार गर्न प्रेरित गर्ने<br>९. शिक्षकले चारपाँच शब्दसम्मका अन्य सरल वाक्य (कर्ता, कर्म र क्रिया भएको वाक्य) सुनाई पढ्न लगाउने<br>१०. शिक्षकले बालगीतहरू लय मिलाएर पढी सुनाउने र विद्यार्थीलाई पनि व्यक्तिगत र सामूहिक **रूपमा** लय मिलाएर पढ्न लगाउने र पर्याप्त अभ्यास गराउने | | (छ) खेल विधि | ६. वर्णहरू लेख्न लगाउने सिकाइ उपलब्धिको मापन गर्ने<br>७. विद्यार्थी बोल्दा शिष्टाचारका शब्द प्रयोग गरे नगरेको अवलोकन गर्ने<br>८. शिक्षकले सोधेका प्रश्नको जवाफ दिए नदिएको अवलोकन गर्ने<br>९. विद्यार्थीहरूलाई कथा भन्न लगाउने<br>१०. वर्णमालाका वर्णहरूलाई क्रम मिलाएर र नमिलाई देखाएर चिने नचिनेको अवलोकन गर्ने<br>११. शब्दहरू पढ्न लगाउने र राम्ररी पढे नपढेको अवलोकन गर्ने तथा शुद्धसँग पढे नपढेका अवलोकन गर्ने<br>१२. चित्रअनुसारका नाम भने भनेको, लेखे नलेखको अवलोकन गर्ने<br>१३. शब्दअनुसारको चित्र बनाएको नबनाएको अवलोकन गर्ने<br>१४. विद्यार्थीले वाक्य बोल्दा र लेख्दा वचन मिले नमिलेको अवलोकन गर्ने<br>१५. विद्यार्थीले वाक्य बोल्दा वा लेख्दा लिङ्ग पुरुष र आदर मिले नमिलेको अवलोकन गर्ने | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ११. शिक्षकले कथाहरू हाउभाउसहित पढेर सुनाउने र विद्यार्थीलाई पनि सोहीअनुसार पढ्न लगाउने<br>१२ शिक्षकले खेल्छ, भन्छ, गर्छ, सत्य, बट्टा जस्ता संयुक्त वर्ण भएका शब्दहरू वर्णविन्यास मिलाई शुद्ध र स्पष्टसँग लेख्ने अभ्यास गराउने<br>१३. शिक्षकले वर्णमालाका सबै वर्णहरू आकारप्रकार मिलाएर सफासँग लेख्न लगाउने र गल्ती गरेमा सच्याइदिने<br>१४. कथा विधाका सरल अनुच्छेदहरू सार्न लगाउने र ठिकसँग सार्न अभिप्रेरित गर्ने<br>१५. विद्यार्थीले जानिसकेका शब्द तथा वाक्यहरू शिक्षकले शुद्ध उच्चारण गरी सुनाउने र विद्यार्थीलाई सुनेका आधारमा लेख्न लगाउने<br>१६. शिक्षकले पूर्णविराम र प्रश्न चिह्न प्रयोग गर्नुपर्ने खालका वाक्यहरू लेखि/भनिदिने र विद्यार्थीले लेखेका वाक्यको अन्त्यमा पूर्णविराम चिह्न (।) र प्रश्नवाचक चिह्न (?) प्रयोग गर्न लगाउने<br>१७. शिक्षकले एक वचन नाम शब्दमा "हरू" लगाएर बहुवचन बनाउन सिकाउने र एकवचनको कर्ता तथा बहुवचनका कर्तासँग क्रियाको मेल गराउन अभ्यास गराउने, जस्तै : | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | एकवचन बहुवचन<br>राम रामहरू<br>चरो चराहरू<br>राम पढ्छरामहरू पढ्छन् ।<br>शिक्षकले विद्यार्थीलाई पुलिङ्ग कर्ताअनुसार पुलिङ्ग क्रिया र स्त्रीलिङ्ग कर्ताअनुसार स्त्रीलिङ्ग क्रिया प्रयोग गरी बोल्न र लेख्न लगाउने, जस्तै : केटो आयो । केटी आई ।<br>१८. शिक्षकले म पढ्छु, म खान्छु, तिमी पढ्छौ, तिमी खेल्छौ जस्ता थुप्रै वाक्यको उदाहरण दिई 'मु र 'तिमु कर्तासँग उपयुक्त क्रिया प्रयोग गरी बोल्ने र लेख्ने अभ्यास गराउने<br>१९. शिक्षकले बा आउनुभयो, आमा जानुभयो, दाजु पढ्नुहुन्छ, दिदी गाउनुहुन्छ, भाइ पढ्छजस्ता थुप्रै वाक्यका उदाहरण दिई बुबा, आमा, दाजु, दिदी, भाइ, बहिनी जस्ता पदसँग क्रियाको मेल गरी बोल्ने र लेख्ने अभ्यास गर ाउने<br>२०. शिक्षकले सामान्य वर्तमान कालमा उत्तर आउने खालका विभिन्न प्रश्न सोधी अभ्यास गराउने, जस्तै : भाइ के गर्छ ? तिमी के गर्छौ ? तिम्री आमा के गर्नुहुन्छ ?<br>२१. शिक्षकले सामान्य भूतकालमा उत्तर आउने खालका विभिन्न प्रश्न सोधी उत्तर भन्न लगाउने, जस्तै : (क) तिमीले हिजो के गऱ्यौ ? यस्तै विभिन्न कथा सुनाई भूतकालमा उत्तर आउने प्रश्न सोध्ने, जस्तै : .... कथामा ....ले के गऱ्यो ? | | | | |
| जम्मा पाठ्यघण्टा | | | | | | | १६० |

## कक्षा ३

| सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | शिक्षण विधि | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| **१. गाउँपालिकाको परिचय** | | | | | | | |
| १. गाउँपालिकाको इतिहासका बारेमा सोधखोज गरी प्रस्तुत गर्न<br>२. परिवार र टोलछिमेकमा बसोबास गर्ने व्यक्तिको उमेरगत अवस्था पहिचान गरी भन्न र लेख्न<br>४. स्थानीय स्तरमा जातजातिगत वेषभूषा, भाषा, खाद्य परिकार तथा उपलब्ध सेवाहरू टिपोट गरी तिनका मुख्य मुख्य काम बताउन<br>५. स्थानीय स्तरमा रहेको सामाजिक समस्या पहिचान समस्या समाधानमा सहभागी हुन<br>६. नक्सा कार्यका आधारमा स्थानीय क्षेत्र पहिचान गर्न<br>७. प्रसिद्ध स्थानीय व्यक्तिको खोजी गरी तिनलाई गरिने सम्मानपूर्ण व्यवहार का योजना प्रस्तुत गर्न<br>८. छिमेकी वडाका निर्वाचित प्रतिनिधिहरू र तिनको जिम्मेवार ीको सूची तयार पार्न<br>९. नगरका क्षेत्रभित्र निर्मित वा उत्पादित वस्तुहरू पहिचान गरी भन्न र लेख्न | (क) गाउँ-पालिकाको इतिहास<br>(ख) गाउँ-पालिकामा बसोबास गर्ने जातजाति<br>(ग) प्रसिद्ध स्थानीय व्यक्ति<br>(घ) स्थानीय सामाजिक समस्या<br>(ङ) जन प्रतिनिधि | (क) ब्रहम्पुरी गाउँपालिकाको उत्पत्ति<br>(ख) गाउँपालिकाको विकासका कार्य<br>(ग) गाउँपालिकामा बसोबास गर्ने जातजाति, वेषभूषा, भाषा, खाद्य परिकार तथा उपलब्ध सेवा<br>(घ) स्थानीय क्षेत्र<br>(ङ) स्थानीय सामाजिक समस्या : पहिचान र समाधानमा सहयोग<br>(च) स्थानीय जनप्रतिनिधि र यिनका जिम्मेवारी | १. ब्रहम्पुरी गाउँपालिकाको उत्पत्तिका बारेमा स्थानीय अभ्यासमा रहेको कथन, घटना र प्रसङ्ग सुनाई त्यसका आधारमा छलफल तथा प्रश्नोत्तर गराउने<br>२. ब्रहम्पुरी गाउँपालिकाको इतिहास समेटिएका शिलालेख, ताम्रपत्रलगायतका सामग्री प्रदर्शन गरी तिनीहरूको अध्ययन गर्ने लगाउने<br>३. ब्रहम्पुरी गाउँपालिकाको ऐतिहासिक पक्ष समेटिएको मुद्रित तथा श्रव्यदृश्य सामग्री प्रदर्शन गरी अन्तरक्रिया गर्न लगाउने<br>४. ब्रहम्पुरी गाउँपालिकाको विकासका गतिविधि सम्बद्ध चित्र प्रदर्शन एवम् स्थलगत अध्ययन भ्रमण गराउने<br>५. विभिन्न जातजातिहरूको जातजातिको वेषभूषा, भाषा र विशेष खाद्य परिकार समेटिएका चित्रप्रदर्शन गर्ने र त्यसका आधारमा छलफल गर्न लगाउने<br>६. विद्यार्थीलाई आफ्नो जातिगत पहिचान झल्किने पोसाक लगाई विशेष खाद्य परिकार प्रदर्शन गर्न उत्प्रेरित गर्ने<br>७. एकअर्को जातिका पहिरन, भाषा र खाद्य परिकारका राम्रा पक्ष टिपोट गरी प्रस्तुत गर्ने लगाउने | शिलालेख, ताम्रपत्र, ऐतिहासिक पक्ष समेटिएको मुद्रित तथा श्रव्यदृश्य सामग्री, शृङ्गारका सामग्री, विभिन्न जातजातिको वेषभूषा, भाषा र विशेष खाद्य परि कार वा तिनका चित्र | (क) छलफल<br>(ख) प्रदर्शन<br>(ग) स्थलगत भ्रमण वा अवलोकन<br>(घ) प्रश्नोत्तर | १. विद्यार्थीका कार्यकलापको निरीक्षण गरी सिकाइको मापन गर्ने<br>२. व्यक्तिगत र सामूहिक छलफल गरी सिकाइको लेखाजोखा गर्ने<br>३. लिखित परीक्षा गर सिकायको मूल्याङ्कन गनृे<br>४. हाजिरीजवाफ गरी सिकाइको मापन गर्ने<br>५. हिज्जे प्रतियोगिता सिकाइको लेखाजोखा गर्ने<br>६. प्रश्नोत्तर गरी सिकाइको मूल्याङ्कन गर्ने<br>७. कक्षाकार्यको परीक्षण गरी सिकाइको मापन गर्ने<br>८. व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेखन सिकाइको आँकलन गर्ने<br>९. आत्मविश्वासपूर्ण स्पष्ट प्रस्तुति र अभ्यासलाई उपयोग तथा अभिलेखीकरण गरी सिकाइलाई थप विस्तार गर्ने<br>१०. सिकाइमा सक्रियताका आधारमा सिकाइको मापन गर्ने | २४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ८. परिवार र टोलछिमेकमा बसोबास गर्ने व्यक्तिको उमेरगत अवस्था पहिचान गरी भन्न र लेख्न लगाउने । यसको थप अभ्यासका लागि परियोजना कार्य पनि गर्न लगाउने<br>९. नक्सा वा चित्रका का आधारमा स्थानीय क्षेत्रको पहिचान गरी सामाजिक समस्या निर्क्योल गर्न लगाउने<br>१०. स्थानीय प्रसिद्ध व्यक्ति र जनप्रतिनिधिको परिचय लिन तथा दिन लगाउने । यस क्रममा उनीहरू जिम्मेवाको सूची बनाई कक्षामा प्रस्तुत गर्न लगाउने । | | | | |
| | | | २. **प्राकृतिक स्रोत र साधन** | | | | |
| १. प्राकृतिक स्रोत र साधनको उत्पत्ति सम्बन्धी विषयवस्तु बोध गरी आवश्यकता र सन्दर्भका आधार मा वर्णन गर्न<br>२. प्राकृतिक स्रोत र साधनको स्थानीय स्तरमा उपलब्धताबाट फाइदा र हानी बताउन<br>३. प्राकृतिक स्रोत र साधनको महत्त्व टिपोट गरी प्रस्तुत गर्न<br>४. वडास्तरमा रहेका सार्वजनिक स्थलहरूको भौगोलिक अवस्थाबारे बताउन<br>५. वडास्तरमा रहेका सार्वजनिक स्थलहरूको सरसफाइ गर्न र संरक्षण तथा हेरचाहमा सहभागिता जनाउन | (क) प्राकृतिक स्रोत र साधनको परिचय<br>(ख) प्राकृतिक स्रोत र साधनको वर्गीकरण<br>(ग) प्राकृतिक स्रोत र साधनको सदुपयोग तथा महत्त्व<br>(घ) वडास्तर का सार्वजनिक स्थल | (क) प्राकृतिक स्रोत र साधनको स्थान तथा नाम<br>(ख) वरपर भएका प्राकृतिक स्रोत र साधनको स्थान<br>(ग) प्राकृतिक स्रोत र साधनको विशेषता<br>(घ) प्राकृतिक स्रोत र साधनको महत्त्व<br>(ङ) स्थानीय सार्वजनिक स्थलको भौगोलिक अवस्था<br>(च) सार्वजनिक स्थलको सरसफाइ, संरक्षण र हेर चाहमासहयोग | १. प्राकृतिक स्रोत र साधन सम्बन्धी किंवदन्ती प्रसङ्ग सुनाई यस आधारमा छलफल, संवाद तथा प्रश्नोत्तर गराउने<br>२. शिक्षकले नक्शा वा चित्र प्रदर्शन गर्ने तथा प्राकृतिक स्रोत र साधनका बारेमा वर्णन गर्न लगाउने<br>३. विद्यार्थीलाई ससाना समूहमा विभाजन गरी प्रदर्शन गरिएका सूचीका थपघट गरेर समूहको मौलिक प्रस्तुति गर्न लगाउने<br>४. यस सम्बन्धी विविधपक्ष समेटिएका श्रव्यदृश्य सामग्री प्रस्तुत गरी विद्यार्थीको टिपोटसँग तुलना र प्रश्नोत्तर गर्न लगाउने<br>५. ऐतिहासिक पक्ष समेटिएको मुद्रित तथा श्रव्यदृश्य सामग्री प्रर्दशन गरी अन्तरक्रिया गर्न लगाउने | (क) प्राकृतिक स्रोत र साधनको सङ्कलित चित्र<br>(ख) प्राकृतिक स्रोत र साधनको विशेषता समेटिएको सूची<br>(ग) श्रव्यदृश्य सामग्री<br>(घ) नक्सा | क) छलफल<br>(ख) प्रदर्शन<br>(ग) स्थलगत भ्रमण वा अवलोकन<br>(घ) प्रश्नोत्तर | १. निर्धारित विषयवस्तुको आधारमा मौखिक प्रश्नोतरका आधारमा मापन गर्ने<br>२. विद्यार्थीले आत्मविश्वास तथा स्पष्टताका साथ प्रस्तुति गरे नगरेको अवलोक गरी सिकाइ उपलब्धिको लेखाजोखा गर्ने<br>३. सिकाइमा सहजीकरणको लागी सहभागिता समूह कार्यमा सक्रियताको अवलोकन र लेखाजोखा गर्ने<br>४. लिखित अभ्यास गराएर सिकाइको मापन गर्ने | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ६. वडास्तरमा रहेका धारा, चौतारो, पाटीपौवा, सार्वजनिक चउर, खेल मैदानलगायत सार्वजनिक स्थलको भौगोलिक अवस्थाका बारेमा छलफल तथा प्रश्नोत्तर गराउने<br>७. वडास्तरमा रहेका धारा, चौतारो, पाटीपौवा, सार्वजनिक चउर, खेल मैदानलगायत स्थलको सरफाइमा सहयोग गर्न लगाउने<br>८. वडास्तरमा रहेकाधारा, चौतारो, पाटीपौवा, सार्वजनिक चउर, खेल मैदानलगायत स्थल वरपर हरित उद्यान (वृक्षरोपण) एवम् फूलबारी वा बगैँचा निर्माण तथा हेरचाहमा सहभागी गराउने | | | | |
| **३. स्थानीय सम्पदा संस्कार र संस्कृति** | | | | | | | |
| १. स्थानीय सम्पदाको उत्पत्ति, प्रगोग तथा उत्पादन स्रोतका विषयवस्तु बोध गरी आवश्यकता र सन्दर्भका आधारमा वर्णन गर्न<br>२. सम्पदाको विकाससँगै व्यापारका मुख्य मुख्य विषयवस्तु प्रस्तुत गर्न<br>३ सम्पदाको विवरण, संस्कार र संस्कृति, वेषभुषा र त्यसमा प्रयोग हुने वस्तुको र विशेष चाडपर्व मा प्रयोग हुने वस्तुका बारेमा बताउन<br>४. वडास्तरमा रहेका पर्यटकीय स्थलको पहिचान गर्न<br>५. वडास्तरमा रहेका पर्यटकीय स्थलको परिचय लिन र दिन<br>६. वडास्तरमा रहेका पर्यटकीय स्थलको जानकारी हासिल गरी प्रचार प्रसार गर्न | (क) सम्पदा<br>(ख) सम्पदा र व्यापारको अन्तर-सम्बन्ध<br>(ग) पर्यटन | (क) स्थानीय संस्कार<br>(ख) सम्पदाको विकास क्रम<br>(ग) सम्पदा र व्यापार सम्बन्धी तथ्याङ्क<br>(घ) विभिन्न लुगाफाटा, परिकार र चाडपर्व<br>(ङ) पर्यटकीय स्थल | १. स्थानीय सम्पदा, संस्कार र संस्कृतिका बारेमा छलफल गरी प्रस्ट पार्ने<br>२. विभिन्न जातिहरूको वेषभुषा, भाषा तथा खाना समेटिएका चित्र प्रर्दशन गरी छलफल गराउने<br>३. बालगीत र कथा सुनाएर चाडपर्व सम्बन्धी वा देवीदेवता सम्बन्धी बालगीत र कथा सस्वरवाचन गर्न लगाउने<br>४. विवाह, जन्मको अवसरमा साथै पाटी, पौवा, खेत, खेलमैदान, चउर, मठ, मन्दिरको स्थलगत भ्रमण गराई मुख्य मुख्य बुदा टिपो गर्न लगाउने<br>५. स्थानीय मेला जात्रापर्वमा समावेश गराई छलफल गराउने | (क) विभिन्न जातिका वेषभुषा, भाषा, खाना समेटिएका चित्र<br>(ख) मठ, मन्दिर को चित्र<br>(ग) साथीबिच भएको कुराकानी झल्किने चित्र<br>(घ) श्रव्यदृश्य सामग्री | (क) छलफल<br>(ख) प्रदर्शन<br>(ग) स्थलगत भ्रमण वा अवलोकन<br>(घ) प्रश्नोत्तर | (क) निर्धारित विषयवस्तुको आधारमा मौखिक प्रश्नोतरका आधारमा मापन गर्ने<br>(ख) विद्यार्थीले आत्मविश्वास तथा स्पष्टताका साथ प्रस्तुति गरे नगरेको अवलोक गरी सिकाइ उपलब्धिको लेखाजोखा गर्ने<br>(ग) सिकाइमा सहजीकरणका लागि साहभागिता समूह कार्यमा सक्रियताको अवलोकन र लेखाजोखा गर्ने<br>(घ) लिखित अभ्यास गराएर सिकाइको मापन गर्ने | ४० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ६. वडास्तरमा रहेका पर्यटकीय स्थलको पहिचान र त्यसका बारेमा जानकारी सङ्कलन<br>७. पहिचान गरिएका स्थानसँग सम्बन्धित चित्र, नक्सा, मुद्रित सामग्री सङ्कलन तथा प्रदर्शन<br>८. अन्य वडाका विद्यालयलाई पहिचान गरिएका क्षेत्रको भ्रमणका लागि आमन्त्रण, क्षेत्रको परिचय दिने सामग्री तयारी र वितरण<br>९. वडास्तरीय पर्यटकीय क्षेत्रका बारेमा परिचयात्मक सामग्री तयारी र न्यून लागतमा हुने गरी उत्पादन | | | | |
| | | | ४. व्यावसायिक खेती | | | | |
| १. स्थानीय तहमा तयार पारिने मिठाई तथा अन्य खाद्य परिकारको अवलोकन गरी तयार पार्न आवश्यक सामग्री बताउन<br>२. स्थानीय तहमा प्रचलित खाद्य सामग्री तयारीका प्रक्रियाको सूची बनाई प्रदर्शन गर्न<br>३. तयार पारिएका खाद्यसामग्रीको भण्डार, सुरक्षा र बिक्री वितरणमा सहयोग गर्न | (क) स्थानीय खाद्य परिकार<br>(ख) व्यवस्थापन | (क) खाद्य सामग्रीका लागि आवश्यक सामग्री<br>(ख) खाद्य सामग्री तयारीका चरण<br>(ग) खाद्य सामग्रीको भण्डारण र सुरक्षा<br>(घ) तयार पारिएका खाद्य सामग्रीको बिक्री वितरण | १. सूचना प्रविधिसम्बद्ध विभिन्न श्रव्यदृश्य सामग्रीको उपयोग गरी खाद्य सामग्रीका बारेमा जानकारी दिने र त्यसका बारेमा छलफल गराउने<br>२. आफ्नो घरमा उत्पादन गरिने विभिन्न खाद्य सामग्री र बजारमा पाइएका खाद्य सामग्रीका बिचमा तुलना गर्न लगाउने<br>३. तपाईँलाई के कस्ता खाद्य सामग्री मन पर्छन् भनी विद्यार्थीलाई आफैँ जानकारी लिन र दिन उत्प्रेरित गर्ने<br>४. स्थानीय तहमा उपलब्ध विभिन्न मिठाई पसल वा अन्य सान्दर्भिक स्थलको स्थलगत अवलोकन भ्रमण गराई उपलब्ध खाद्य साम्ग्री र यिनका प्रकारका बारेमा बताउने<br>५. आसपासका गाउँ वा सहरमा पाइने खाद्यसामग्रीको मूल्यका बारेमा जानकारी दिने। | (क) सान्दर्भिक चित्र<br>(ख) वास्तविक वस्तु | (क) प्रश्नोत्तर<br>(ख) प्रदर्शन<br>(ग) अवलोकन<br>(घ) छलफल<br>(ङ) प्रयोग<br>(च) परियोजना | १. मौखिक प्रश्नोत्तर गरेर मापन गर्ने<br>२. छलफल (युगल, सामूहिक) मा सहभागिता गराएर सिकाइको लेखाजोखा गर्ने<br>३. समूह कार्यमा सक्रियता हेरेर सिकाइको मूल्याङ्कन गर्ने<br>४. निर्दिष्ट सूचीको प्रस्तुति गर्न लगाउने र त्यसका आधारमा मापन गर्ने<br>५. स्थलगत अध्ययन भ्रमण र अवलोकन गर्न लगाएर सिकाइको लेखाजोखा गर्ने | ८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ६. मूल्यका बारेमा छलफल गराउँदा मूल्यको बोधसँगै अङ्क गणना, जोड, घटाउ जस्ता आधारभूत गणितीय क्रियाको अभ्यास गराउने | | | | |
| **५. स्थानीय पेसा** | | | | | | | |
| १. करेसाबारी तथा पशुपालनको महत्त्व बताउन<br>२. स्थानीय रूपमा उत्पादन हुने बालीनालीको अवस्था, महत्त्व र आवश्यक पूर्वाधारको सङ्क्षेपमा वर्णन गर्न<br>३. मौसमी तथा बेमौसमी उत्पादनहरूको नाम र प्रकारहरू बताउन<br>४. तरकारी खेती, मौरीपालन, फलफूल खेती, मौसमी र बेमौसमी उत्पादनका बारेमा अभिभावकबाट सूचना वा विषयवस्तु सङ्कलन गरी कक्षामा भन्न<br>५. स्थानीय रूपमा पाइने कम लागतको सामग्रीबाट बन्ने सजावटका सामग्रीहरूको सूची तयार गर्न<br>६. स्थानीय सामग्रीहरूबाट सजावटका सामग्री निर्माणको अभ्यास गर्न र बिक्री वितरणको सम्भावनाहरूबारे बताउन | (क) कृषि तथा पशुपालन<br>(ख) स्थानीय पेसा<br>(ग) सजावट | (क) करेसाबारी तथा पशुपालनको महत्त्व<br>(ख) स्थानीय रूपमा उत्पादन हुने बालीनालीको अवस्था, महत्त्व र आवश्यक पूर्वाधार<br>(ग) मौसमी तथा बेमौसमी उत्पादनहरूको नाम र प्रकारहरू<br>(घ) तरकारी खेती, मौरीपालन, फलफूल खेती, मौसमी र बेमौसमी उत्पादन<br>(ङ) खोस्टा, पराल वा छ्वालीको प्रयोग गरी सुकुल निर्माण तथा बिक्री वितरण<br>(च) काठका टुक्रा, कागज वा खेर जाने कपडाका टुक्रा, पुराना कपडा र गरगहना प्रयोग गरी सजावटका सामान निर्माण<br>(छ) फूल वा पात प्रयोग गरी माला निर्माण र बिक्री वितरण | १. ढिकी जाँतो लगायत स्थानीय प्रविधि तथा करेसाबारी, घरायसी रूपमा गरिने पशुपालनका बारेमा छलफल तथा प्रश्नोत्तर गराउने<br>२. घरपरिवारका सदस्य, जनप्रतिनिधि र समाजका अगुवाहरूसँग विकास निर्माण व्यवसाय स्थानीय सम्बन्धी पेसा व्यवसाय र आयआर्जन अन्तरक्रिया गर ई मुख्य मुख्य कुरा टिपोट गर्न लगाउने<br>३. स्थानीय तहमा सञ्चालित सार्वजनिक सेवा तथा पेसा व्यवसायमा प्रविधिको उपयोगका क्षेत्र र सम्भावना प्रस्तत गरी त्यसमा विद्यार्थीलाई उत्प्रेरित गर्ने<br>४. स्थानीय तहबाट नै उत्पादन गर्न सकिने व्यासायिक उत्पादन र बजार व्यवस्थापनका बारेमा जानकारी दिई विद्यार्थी र उनका अभिभावकलाई यसतर्फ अभिप्रेरित गर्ने<br>(अ) खाम, फाइल, शुभकामना कार्ड आदि निर्माण<br>(आ) सजावटका सामग्री निर्माण : चङ्गा, कोदालो, खुकुरी, डाडु, पनिउँ, फुलदानी, कलमदानी लगायत।<br>(इ) उत्पादित सामग्रीलाई उपहारका लागि तयार वा प्याकिङ | (क) सान्दर्भिक चित्र<br>(ख) वास्तविक वस्तु | (क) प्रश्नोत्तर<br>(ख) प्रदर्शन<br>(ग) अवलोकन<br>(घ) छलफल<br>(ङ) प्रयोग<br>(च) परियोजना | (क) मौखिक प्रश्नोत्तर गरेर मापन गर्ने<br>(ख) छलफल (युगल, सामूहिक) मा सहभागिता गराएर सिकाइको लेखाजोखा गर्ने<br>(ग) समूह कार्यमा सक्रियता हेरेर सिकाइको मूल्याङ्कन गर्ने<br>(घ) निर्दिष्ट सूचीको प्रस्तुति गर्न लगाउने र त्यसका आधारमा मापन गर्ने<br>(ङ) स्थलगत अध्ययन भ्रमण र अवलोकन गर्न लगाएर सिकाइको लेखाजोखा गर्ने<br>(च) लिखित अभ्यास गर्न लगाएर सिकाइको मापन गर्ने | २४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | वा विद्यालयले तोकेको अन्य कुनै व्यवसाय<br>५. मौसमी तथा बमौसमी तरकारी खेतीका बारेमा समुदायमा आधारित भई विभिन्न परियोजना कार्य गर्न लगाउने र उत्कृष्ट परियोजना कार्यलाई कक्षामा प्रस्तुत गर्न लगाउने<br>६. खोस्टा, पराल वा छ्वालीको प्रयोग गरी सुकुल वा अन्य कुनै सामग्री निर्माण, रङरोगन तथा बिक्री वितरण गर्न विद्यार्थीलाई उत्प्रेरित गर्ने<br>७. काठका टुक्रा, कागज वा खेर जाने कपडाका टुक्रा, पुराना कपडा र गरगहना प्रयोग गरी सजावट बनाई कक्षमा प्रदर्शन गर्ने गराउने<br>८. विभिन्न प्रकारका मालाका कारेमा अवलोकन तथा सोधखोज गर्न लगाई त्यस्तै सिप सिकाउने वा अभ्यास गराउने | | | | |
| ६. स्थानीय भाषा | | | | | | | |
| १. मातृभाषामा विषयवस्तुको वर्णन, छलफल आदि ध्यानपूर्वक सुनेर तिनको अर्थ र आशय बुझी प्रतिक्रिया जनाउन<br>२. मातृभाषाका बालकथा, गीत, कविता, संवाद आदि सुनेर मौखिक र लिखित रूपमा प्रश्नोत्तर गर्न<br>३. मातृभाषामा गरिएको कुराकानी, छलफल आदिमा शिष्टतापूर्वक भाग लिन<br>४. मातृभाषामा भएका कुराकानी सुनेर प्रतिक्रिया जनाउन | (क) सुनाइ सिप<br>(ख) बोलाइ सिप<br>(ग) पढाइ सिप<br>(घ) लेखाइ सिप | (क) कुराकानी र प्रतिक्रिया<br>(ख) बालगीत,<br>(ग) बालकथा<br>(घ) संवाद, चिठी, प्रबन्ध<br>(ङ) बालकविता<br>(च) संयुक्त व्यञ्जन वर्ण<br>(छ) शिष्टाचारका शब्द<br>(ज) सरल अनुच्छेद<br>(झ) पूर्णविराम र प्रश्नवाचक चिह्न<br>(ञ) वचन, लिङ्ग, पुरुष र आदर<br>(ट) क्रियाका काल<br>(ठ) स्थानीय जातजातिको वेषभूषा, भाषा र विशेष खाद्य परिकार | १. आफ्नो मौलिक संस्कृति झल्कने रमाइला कथा, कविता, उनीहरूको मातृभाषामा कथा, कविता आदि सुनाएर विद्यार्थीहरूलाई पनि भन्न लगाउने<br>२. आफ्नो मातृभाषाका वर्ण, शब्द, वाक्य र अनुच्छेदको श्रुतिलेखन गराउने,<br>३. बालकथाहरू आफुले भन्ने र उनीहरूलाई आफ्नो भाषामा बालकथाहरू भन्न लगाउने | (क) मातृभाषाका सन्दर्भ सामग्री<br>(ख) वर्ण तथा शब्द पत्ती<br>(ग) श्रव्यदृश्य सामग्री | (क) छलफल<br>**(ख) प्रदर्शन**<br>(ग) भूमिका अभिनय<br>**(घ) अवलोकन**<br>(ङ) प्रश्नोत्तर<br>(च) प्रश्नोत्तर<br>(छ) खेल विधि | १. मातृभाषामा दिइएका निर्देशन अनुसार विद्यार्थीले ठीक ढङ्गले गरे नगरेको अवलोकन गरेर<br>२. श्रुतिलेखन गराएर<br>३. कथा, घटना विवरण आदि सुनाई मुख्य कुरा भन्न लगाएर<br>४. बाल कथा भन्न लगाएर<br>५. वस्तु, चित्र, घटना वर्णन गर्न लगाएर<br>६. मातृभाषाका पाठ्यसामग्रीभित्र वा बाहिरका कविता र उपयुक्त, अनुच्छेद छनोट गरी गति, यति र लय मिलाई पढन लगाएर<br>७. शब्दको अर्थ र प्रश्नको उत्तर लेख्न लगाएर मूल्याङ्कन गर्ने | ४८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५. समुहमा मातृभाषामा सुनेका आधार मा सोधिएका प्रश्नहरूको जवाफ दिन<br>६. संयुक्त व्यञ्जन वर्ण भएका शब्दहरूको शुद्ध उच्चारण गर्न<br>७. आफ्नो मातृभाषामा शिष्टाचारका शब्द प्रयोग गरी बोल्न<br>८. आफ्नो मातृभाषामा सरल बालगीत, कविता, हाउभाउसहित गाउन<br>९. आफूले जानेका बालकथा, पढेका आधारमा सोधिएका प्रश्नहरूको आफ्नो मातृभाषामा मौखिक रूपले उत्तर दिन<br>१०. शुद्ध र स्पष्ट उच्चारण गरी मातृभाषामा वाक्य तथा छोटो अनुच्छेद पढ्न।<br>११. पाठका चित्रका बारेमा शिक्षकको निर्देशन अनुसार मातृभाषामा लिखित वर्णन गर्न<br>१२. हिज्जे मिलाएर मातृभाषामा शब्द लेख्न र सरल वाक्य निर्माण गर्न<br>१३. सरल अनुच्छेदको अनुलेखन गर्न<br>१४. परिचित शब्द तथा वाक्यहरू श्रुतिलेखन गर्न<br>१५. पूर्णविराम र प्रश्नवाचक चिह्नको प्रयोग गर्न<br>१६. वचन, लिङ्ग, पुरुष र आदरसँग क्रियापदको मेल गराएर बोल्न र लेख्न<br>१७. सामान्य वर्तमान र सामान्य भूतकाल प्रयोग गरी बोल्न | | | ४. विद्यार्थीहरूलाई आफ्नो मातृभाषामा उनीहरूले देखे, सुनेका र अनुभव गरेका घटना, चित्र आदिको बारेमा वर्णन गर्न लगाउने<br>५. आफ्नै मातृभाषामा साथीसँग तथा समूहमा कुराकानी गर्न लगाउने<br>६. विद्यार्थीहरूलाई आफ्नो मातृभाषामा गीत, कथा, संवाद आदिका अंश छानी गती, यती लय र हाउभाउसहित सस्वर बढ्न लगाउने<br>७. मातृभाषाका लेखरचना आदिका आशय बुझ्ने गरी पढ्न लगाएर प्रश्नोत्तर गर्ने<br>८. विद्यार्थीलाई मातृभाषाका शब्द, वाक्य र छोटा अनुच्छेदको अनुलेखन गराउने<br>९. मातृभाषाका वर्ण, शब्द, र वाक्यको श्रुतिलेखन गराउने<br>१०. मातृभाषामा कथा, जीवनी, वाक्यहरूको निर्माणबाट कार्यमूलक व्याकरणको आधार मा भाषागत शुद्धता ल्याउने | | | ८. अनुच्छेद लेख्न लगाएर जाँच्ने र लय आधार मा मौखिक प्रश्नोत्तर गरेर<br>९. सिकाइ सहजीकरणका क्रममा छलफल (युगल, सामूहिक) मा सहभागिता समूह कार्यमा सक्रियताको अवलोकन तथा लेखाजोखा गरेर<br>१०. निर्दिष्ट सूचीको प्रस्तुतिका आधारमा सिकाइको मूल्याङ्कन गरेर<br>११. लिखित अभ्यास गर्न लगाएर भाषिक शुद्धता भए नभएको मूल्याङ्कन गर्ने<br>१२. बालगीत, कथा, कविता ठीक तरिकाले भने नभनेको हेरी पृष्ठपोषण दिने<br>१३. शुद्ध उच्चारण गरे नगरेको हेर्ने<br>१४. पढ्न दिइएका सामग्रीहरू सस्वर पढे नपढेको ख्याल गरी मूल्याङ्कन गर्ने | |
| जम्मा पाठ्यघण्टा | | | | | | | १६० |

## ५. सिकाइ सहजीकरण क्रियाकलाप

स्थानीय विषयले स्थानीय सन्दर्भ, आवश्यकता र प्रयोगात्मक पक्षमा आधारित विषयक्षेत्रमा जिज्ञासु गराई दिगो सिकाइमा सहयोग गर्छ । यस विषयको सिकाइ सहजीकरण प्रक्रियामा निर्धारित विषयवस्तुको सन्तुलित रूपमा छनोट र प्रयोग गर्नु सान्दर्भिक हुने देखिन्छ । विशेषतः "गरेर सिक" ९भिबचष्लन दथ मयष्लन० को सिद्धान्तअनुसार स्थानीय विषयका सिकाइ सहजीकरण क्रियाकलापलाई अर्थपूर्ण, रुचिकर र प्रभावकारी बनाउन विषयवस्तुको प्रकृतिअनुसारको शिक्षण विधिको छनोट र प्रयोग गर्नुपर्छ । शिक्षण विधिको छनोट गर्दा विद्यार्थीको रुचि, क्षमता, स्तर, उमेर आदिलाई ध्यान दिई विद्यार्थीलाई नै सहभागी गराएर विद्यार्थीकेन्द्रित शिक्षण विधि प्रयोग गरी बढीभन्दा बढी ज्ञान र सिप विकास गराउनुपर्दछ । शिक्षकले सहयोगीको भूमिका निर्वाह गरी विद्यार्थीलाई स्थानीय विषयक्षेत्रमा केन्द्रित भई परियोजना कार्य (उचयवबभअत धयचप) का रूपमा सान्दर्भिक क्षेत्रको स्थलगत अध्ययन भ्रमण, सामग्री सङ्कलन, अध्ययन तथा विश्लेषण, सिकाइलाई व्यवहारमा प्रदर्शन, सकारात्मक सोच र आचरणको अनुसरण जस्ता पक्षमा जोड दिन आवश्यक हुन्छ ।

स्थानीय विषय सम्बद्ध सहजीकरण क्रियाकलापहरू सञ्चालन गर्दा विद्यार्थीहरूका पूर्वअनुभव, अवधारणा तथा र हनसहनमा ध्यान दिनुपर्दछ । यो प्रयोगात्मक विषय भएकाले प्रदर्शन, अवलोकन र उपयोगलाई विशेष प्राथमिकता दिनुपर्दछ । सैद्धान्तिक विषयवस्तुको प्रस्तुतिपछि विद्यार्थीहरूलाई यथासम्भव उदाहरण, स्थलगत अध्ययन भ्रमण एवम् प्रयोगात्मक कार्य गर्न लगाउनुपर्दछ । शिक्षणलाई प्रभावकारी र दिगो बनाउन सहजीकरणको महत्त्वपूर्ण भूमिका हुन्छ । सहजीकरण प्रक्रियाले विद्यार्थीमा समझदारी, क्रियात्मक सोचाइ तथा प्रयोगात्मक सिप र अभिवृत्तिको विकास गर्दछ । त्यसैले कुनै एकाइका लागि विषयवस्तुको प्रकृति हेरेर खास शिक्षण विधि अपनाउनुपर्ने हुन्छ । सिकाइलाई बोधमा मात्र सीमित नराखी पूर्णता प्रदान गर्नका लागि पर्याप्त अवसर दिई सिर्जनात्मक प्रयोगका लागि स्थानान्तरण गर्न सक्ने अवस्थामा पुर्‍याउनुपर्छ । सहजीकरणका क्रममा विद्यालयमा उपलब्ध हुन नसक्ने सामग्री र तिनीहरूको प्रयोगका सम्बन्धमा सामुदायिक स्रोत र अभिभावकसँग सम्पर्क गर्नुपर्छ । यस्ता स्रोतहरूको प्रयोग गर्दा सम्बन्धित ठाउँमा नै लगेर तिनको प्रयोग र सञ्चालित क्रियाकलाप आवश्यकतानुसार प्रदर्शन गर्नुपर्छ । शिक्षकले कुनै पनि शिक्षण विधि अपनाउनुभन्दा पहिले निम्नलिखित कुरामा ध्यान दिनु राम्रो हुन्छ ः

(क) विद्यार्थीको बुझ्ने क्षमता र परिपक्वता
(ख) विद्यार्थीमा सिर्जनशील रूपमा विचार गर्ने र सहयोग गर्ने भावना
(ग) स्थानीय स्तरमा उपलब्ध हुने साधनस्रोत
(घ) स्थानीय स्तरमा उपलब्ध हुने स्रोत व्यक्तिहरू

सिकाइ सहजीकरणलाई प्रभावकारी र गुणस्तरीय बनाउन उपयोग गर्न सकिने केही सम्भावित नमुना विधिहरू तल दिइएका छन् ः

(क) प्रदर्शन विधि
(ख) छलफल विधि
(ग) प्रश्नोत्तर विधि
(घ) भूमिका अभिनय
(ङ) सामाजिक तथा सांस्कृतिक क्रियाकलाप
(च) अवलोकन भ्रमण
(छ) खोज विधि
(ज) परियोजना विधि
(झ) समस्या समाधान विधि
(ञ) प्रयोग विधि

जुनसुकै क्रियाकलाप गराउँदा पनि विद्यार्थीकेन्द्रित हुनु आवश्यक हुन्छ। अध्यापन गर्दा विद्यार्थीहरूको सहभागितालाई प्रोत्साहित गर्नुपर्दछ। विद्यार्थीहरू आफैँलाई कुनै कुनै समस्या समाधान गर्न गाऱ्हो अप्ठ्यारो पर्न सक्छ त्यस्तो अवस्थामा मात्र कमीकमजोरीलाई राम्ररी केलाई अध्यापक वा मौलानाद्वारा सहयोग पुऱ्याई समाधान गरिदिनु उचित हुन्छ।

उल्लिखित शिक्षण विधि प्रयोग गरी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्दा शिक्षकले निम्नानुसारका पक्षमा ध्यान दिनुपर्छ :

१. शिक्षकले वार्षिक शिक्षण योजना, एकाइ योजना र दैनिक पाठयोजना बनाएर शिक्षणका लागि तयार हुनुपर्छ।

२. भोलिपल्ट पढाउने पाठ अघिल्लो दिन नै शिक्षकले शास्त्रीय तयार गर्नुपर्छ। यसका लागि आवश्यक पर्ने शै क्षिक तथा पाठ्यसामग्री सङ्कलन एवम् आवश्यकतानुसार स्थानीय स्रोतव्यक्ति वा विज्ञसँग समन्वय र विज्ञ परिचालन गर्नुपर्छ।

३. विद्यार्थीको स्तर, उमेर, रुचि एवम् क्षमता बुझ्नु र तदनुरूप क्रियाकलाप गराउनुपर्छ।

४. विषयवस्तुमा विद्यार्थीहरूलाई आकर्षण गर्न सरल र क्रमबद्ध तरिका अपनाउनुका साथै उत्प्रेरणा र कौतूहल पनि जगाउनुपर्छ।

५. अध्यापनमा बढीभन्दा बढी विद्यार्थीलाई संलग्न गराई सिकाइ प्रक्रिया सञ्चालन गर्नुपर्छ।

६. संस्कार र संस्कृतिसँग सम्बद्ध विषयवस्तुलाई प्रयोगात्मक सिकाइ गर्ने अवसर प्रदान गर्नुपर्छ।

७. प्रसिद्ध चाडपर्व र संस्कारहरू सिकाउँदा विद्यार्थीहरूलाई सामूहिक अवलोकन भ्रमण एवम् प्रश्नोत्तरमा जोड दिनुपर्छ।

८. विभिन्न वेवसाइटबाट सामग्री सङ्कलन गरी कक्षामा प्रस्तुत गर्न सकिन्छ। यसका लागि शिक्षक, विद्यार्थी, अभिभावक र अन्य सरोकारवालाहरूको सहयोग लिई वा दिई सिकाइ गर्ने अवसर प्रदान गर्नुपर्छ। अभिभावक तथा सरोकारवालालाई सूचना प्रविधि सम्बद्ध सामग्री सही उपयोगतर्फ आकर्षित तथा उत्प्रेरित गर्नुपर्छ।

९. स्थानीय सम्पदाको फोटो र भिडियो खिचेर कक्षामा प्रदर्शन गर्न सकिन्छ। त्यसका आधारमा छलफल गर ाउन सकिन्छ। यसका लागि सूचना प्रकाशित वा प्रवाह गरी शिक्षक, विद्यार्थी, अभिभावक र अन्य सरोकार वालाहरूको सहयोग लिनुपर्छ। सङ्ग्रह गरिएका वा उपलब्ध भएका सामग्री पठनपाठनका लागि भनी मागी त्यसको सही सदुपयोग गर्नुपर्छ।

१०. स्थानीय व्यवसायी, पूजारी, समाजसेवी, कृषकसँग गरेको कुराकानीको भिडियो वा अडियो तयार गरेर कक्षामा प्रस्तुत गर्न सकिन्छ। यसले गर्दा विद्यार्थीलाई परियोजना कार्य गर्न सहजता प्रदान गर्छ। यी कार्यमा संलग्न नभएका विद्यार्थीले पनि साथीको कार्यबाट सहजैसँग विषयवस्तुको बोध गर्न सक्छन्।

११. स्थानीय साँस्कृतिक गतिविधिहरूको फोटो वा भिडियो खिचेर वा सङ्कलन गरेर कक्षामा प्रदर्शन तथा छलफल गर्न सकिन्छ। यसले गर्दा विद्यार्थीलाई आफ्नो संस्कृति, संस्कारप्रति जिज्ञासु तथा उत्तरदायी बनाउन मदत गर्छ।

१२. शिक्षकले इन्टरनेटमार्फत सामाजिक सञ्जालहरूबाट सान्दर्भिक सामग्री सङ्कलन गरी प्रयोग गर्न सकिन्छ। यसका लागि ब्रहम्पुरी गाउँपालिकाका स्थानीय विषय पढाउने शिक्षकको सञ्जाल बनाई अन्तरक्रिया, सहयोग आदानप्रदान र समरूपता तथा विविधता ल्याउन सहयोग पुग्छ।

१३. स्थानीय पाठ्यक्रमका विषयवस्तुसँग सम्बन्धित बुँदाहरू, अडियो तथा भिडियो क्लिप्स, फोटो तथा चित्रहरू समावेश गरेर पावरप्वाइन्ट सामग्री तयार गरी कक्षामा प्रदर्शन, छलफल र अभ्यास गराउन सकिन्छ।

१४. स्थानीय पाठ्यक्रमका विषयवस्तुसँग सम्बन्धित कतिपय सङ्कलित सामग्रीलाई प्रिन्ट गरेर वा फोटोकपी गरेर विद्यार्थीहरूलाई स्वाध्ययन, समूह छलफल र घटना अध्ययन गराउन सकिन्छ।

१५. विद्यार्थीहरूलाई पनि परियोजना कार्य तथा क्षेत्र भ्रमणका क्रममा यस्ता सामग्रीको सहयोग लिएर जानकारी

सङ्कलन गर्न र प्रस्तुतिका लागि स्लाइडहरू तयार पार्न लगाई प्रस्तुत गर्न लगाउन सकिन्छ । त्यसैगरी विद्यार्थीहरूले परियोजना कार्यका क्रममा सामाजिक सञ्जालहरू, इन्टरनेट तथा रेडियो टेलिभिजनका सामग्रीबाट तथ्य र तथ्याङ्कहरू सङ्कलन गरी प्रतिवेदन तयार पार्न लगाउन सकिन्छ।

१६. रेडियो, टेलिभिजन तथा अनलाई मिडियामा प्रकाशित र प्रसारित स्थानीय पाठ्यक्रमका विषयवस्तुसँग सम्बन्धित सामग्रीलाई कपी गरेर वा टिपोट गरेर कक्षामा छलफल तथा प्रदर्शन गर्न सकिन्छ।

१७. स्थानीय पाठ्यक्रमका विषयवस्तुसँग मिल्दो भिडियो क्लिप्स, डकुमेन्ट्रीहरू, चलचित्रहरूलाई पनि सिकाइ सहजीकरणका क्रममा प्रदर्शन गरेर छलफल गर्न सकिन्छ।

१८. स्थानीय आवश्यकता र सिपका आधारमा सामग्री उत्पादन, स्थानीय बजार र सामग्रीको उपयोग गर्नुपर्छ।

१९. स्थानीय तहमा उपलब्ध विज्ञ वा बाह्य क्षेत्रबाट आमन्त्रण गरिएको विज्ञ परिचालन गरी सिपगत शिक्षा लिने वा दिने गर्नुपर्छ। सबै एउटै शिक्षकले पढाउन खोज्नु हुँदैन। आफूभन्दा अरूको प्रभावकारी हुन्छ, त्यस्ता व्यक्ति झिकाउन सकिन्छ भने विज्ञबाट नै कक्षा सञ्चालन गर्नुपर्छ। विज्ञले लिएको कक्षाको श्रव्यदृश्य सामग्री निर्माण गरी सबै वितरण गरिदिनुपर्छ।

२०. सिपगत शिक्षाका विविध कारणले गर्दा थप शैक्षिक प्रगति हुन नसक्ने विद्यार्थी वा दैनिक व्यवहारबाट टाढा रहेका विद्यार्थीले स्थानीय पाठ्यक्रमको कार्यान्वयनबाट प्राप्त आफ्नो सिपगत योग्यताका आधारमा घरायसी काममा सहयोग गर्ने तथा रोजगार वा स्वरोजगारतर्फ आकर्षित भई स्वावलम्बी नागरिक बन्नेतर्फ उत्साहित गरिदिनुपर्छ।

## ६. मूल्याङ्कन प्रक्रिया

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीले ज्ञान, सिप तथा अभिवृत्ति प्राप्त गर्न सके वा सकेनन् भन्ने कुरा पत्ता लगाउने महत्त्वपूर्ण संयन्त्र मूल्याङ्कन हो । विद्यार्थीको मूल्याङ्कन गर्दा सर्वप्रथम अपेक्षित उद्देश्यलाई ध्यान दिनुर्पछ । उद्देश्यअनुरूप सिकाइको सबै स्तरलाई समेटेर मूल्याङ्कनका साधनहरू विकास गरिनुपर्छ । यस विषयमा सामान्यतया निर्माणात्मक तथा निर्णयात्मक गरी मूल्याङ्कनका दुई पद्धति अवलम्बन गर्नुपर्छ।

### (अ) निर्माणात्मक मूल्याङ्कन

विद्यार्थीले के कति सिके भन्ने कुरा पत्ता लगाई नसिकेको भए नसिक्नुको कारण अन्वेषण गरी पुनः सिकाइन्छ। यस्तो मूल्याङ्कन कक्षाकोठामा सिकाइ सहजीकरण क्रियाकलापकै मा कक्षाकार्य, धार्मिक अनुष्ठानादि कार्य, गृहकार्य, कक्षा सहभागिता, व्यावहारिक परिवर्तन, हाजिरीका आधारमा गरेर अभिलेख राख्नुपर्छ। साथै यसको सिकाइ सहजीकरणका क्रममा आवश्यकतानुसार विद्यार्थीलाई तुरुन्त पृष्ठपोषण दिनुपर्छ र विद्यार्थीमा सुधारको वातावरण तयार गरिदिनुपर्छ। निर्माणात्मक मूल्याङ्कन गर्दा शिक्षकले निम्नानुसारका पक्षमा ध्यान दिनुपर्छ :

१. मूल्याङ्कनले मुख्यतः निर्धारित विषयवस्तुको सैद्धान्तिक एवम् प्रयोगात्मक नतिजा देखाउनुपर्छ।

२. यो प्रयोगात्मक विषय भएकाले यसले मुख्यतः अभ्यास र उत्पादनमा जोड दिनुपर्छ।

३. शिक्षक वा विद्यालयले आयोजना गर्ने अवलोकन भ्रमणपश्चात् प्रश्नोत्तरका माध्यमले मूल्याङ्कन हुनुपर्छ।

४. सैद्धान्तिक पक्षलाई जाँच्न यी तरिका अपनाउन सकिने छ :

(क) बहुवैकल्पिक प्रश्न सोधेर ।
(ख) ठिक बेठिक छुट्याउन लगाएर ।
(ग) हाजिरीजवाफ गराएर ।
(घ) कठिन शब्दहरूको अर्थ सोधेर ।
(ङ) बोधको आधारमा प्रश्नोत्तर गराएर ।
(च) विवरणात्मक प्रश्न गरेर ।

(आ) **निर्णयात्मक मूल्याङ्कन**

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीले ज्ञान, सिप तथा अभिवृत्ति प्राप्त गरेको वा नगरेको मूल्याङ्कन गरी त्यसका आधारमा निर्णय गर्ने प्रयोजनार्थ त्यस्तो मूल्याङ्कनलाई निर्णयात्मक मूल्याङ्कन भनिन्छ। यस्तो मूल्याङ्कन आवधिक रूपमा गर्ने गरिन्छ। यस विषयमा शैक्षिक सत्रको अन्त्यमा यस्तो मूल्याङ्कन गर्ने गरिन्छ। कक्षा १ देखि ३ सम्ममा पूर्णतः निर्माणात्मक मूल्याङ्कन लागु हुने व्यवस्था रहेकाले यस मूल्याङ्कनसम्बद्ध अभिलेख पनि निर्माणात्मक मूल्याङ्कनकै आधारमा गर्नुपर्ने छ।